मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : ३४८ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ कात्तिक २७ गते बुधवार (Wednesday, November 13. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य विग्रन्छ, धन सम्पत्तिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# 'इमेल फिसिङ' गर्दै करोडौं ठगी

**झापा, कात्तिक २६।** सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै नयाँ तरिकाबाट साइबर अपराध हुन थालेको छ ।

सामाजिक सञ्जालको प्रयोग बढेसँगै फेसबुक, ट्वीटर, भाइवर, गुगलजस्ता सञ्जालमा नयाँ खाता खोलेर मानिसले पैसा लुट्ने र अर्को व्यक्तिको हैसियत सिध्याउने घटना बढेर गएको हो ।

पछिल्लो समय 'इमेल फिसिङ' मार्फत करोडौं रुपैयाँ ठगी हुने गरेको पाइएको हो । महानगरीय अपराध महाशाखामा मासिक १० देखि १५ उजुरी 'इमेल फिसिङ'को पर्ने गरेको छ । 'इमेल फिसिङ' भनेको दुईजना व्यवसायी वा आफन्तबीच इमेलमा भएको कुराकानी अपरिचित व्यक्तिले बीचमा बसेर गोप्य निगरानी गर्ने र व्यवसायी वा आफन्तबीच इमेलमार्फत रकमको कारोवार हुन थालेपछि मेल आइडी, बैंकको खाता नम्बर र देशसमेत इमेलमार्फत परिवर्तन गरेर रकम ठगी गर्नु हो । अपराध महाशाखा साइबर शाखाका प्रमुख, प्रहरी निरीक्षक लिलाराज डाँगी नेपालबाट विदेशमा हुने कारोवारमा बढी 'इमेल फिसिङ' हुने गरेको बताउँछन् । विदेशबाट सामान आयात गरेर इमेलमार्फत रकम भुक्तानी गर्दा, ट्रेकिङ, ट्राभल्स, टुर्स कम्पनीको बढी 'इमेल फिसिङ' हुने गरेको छ- उनले भने ।



यस्तै, प्रतिष्ठित व्यक्तिको फेसबुक, ट्वीटर ह्याक गरेर गोप्य सूचना लिएर रकमको बार्गेनिङ गर्ने, अर्काको नाममा फेसबुक तथा ट्वीटर खोलेर गोप्य सूचना लिने र दुःख दिने गरेको उजुरी प्रहरीकोमा आउने गरेको महाशाखाले जनाएको छ । महाशाखामा चालू आर्थिक वर्षको पछिल्लो तीन महिनामा साइबर अपराधसम्बन्धी ४५२ उजुरी दर्ता भएका छन् ।

महाशाखाका प्रमुख एवम् प्रहरी वरिष्ठ उपरीक्षक सहकुलकुमार थापा सामाजिक सञ्जाल फेसबुक, ट्वीटरमा चिट्ठा पर्‍यो भनेर रु. एक करोडसम्म ठगी गरेको उजुरी महाशाखामा परेको बताउँछन् । विदेशमा बसेर सामान पठाइदिन्छु पैसा पठाइदिनुहोस् भनेर समेत ठगी भएको छ- उनी भन्छन् ।

महाशाखाका अनुसार युवावर्ग बढी सङ्ख्यामा साइबर अपराधमा लागेका छन् । जसमध्ये १० वर्षदेखि २० वर्ष उमेर समूहका २२.०५ प्रतिशत, २० देखि ३० वर्ष समूहका ३९.९२ प्रतिशत, ३० देखि ४० वर्ष उमेर समूहका २९.९१ प्रतिशत र ४० देखि ६० वर्ष उमेर समूहका ७.९८ प्रतिशत व्यक्ति साइबर अपराधमा लागेका छन् । सामाजिक सञ्जालमा निःशुल्क डाउनलोड गर्नु वा हेर्नु भनेको हुन्छ र अनावश्यक कुरा हेर्दा वा डाउनलोड गर्दा साइबर अपराध बढी हुने गरेको छ- उनी भन्छन् । साइबर कानूनका बारेमा विद्यालय, कलेज तथा क्याम्पसमा शिक्षा दिनु जरुरी रहेको महाशाखाले जनाएको छ । साइबर अपराधको ३५ दिनभित्र सत्यतथ्य सूचना अदालतमा दर्ता गरिसक्नुपर्ने प्रावधान रहेको छ ।

महाशाखामा चालू आवमा साइबर अपराधमा ४५२ उजुरी दर्ता भएकोमा ११ जनाविरुद्ध मुद्दा चलाइएको छ । सामाजिक सञ्जालमा छ, ह्याकिङ गर्ने दुई र जथाभावी एसएमएस गर्ने

(बाँकी अन्तिम पृष्ठमा)

## 'नेपाली भूमि फिर्ता लिन कुटनीतिक पहल गर्नुपर्छ'



**झापा, कात्तिक २६।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले मुलुकको उत्तर-पश्चिम सीमानाको कालापानी लगायतका भूभाग फिर्ता लिन सरकारले उच्चस्तरीय कुटनीतिक र राजनीतिक पहल गर्नुपर्ने जनाएको छ ।

कांग्रेस केन्द्रीय कार्यालयमा मंगलवार आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको अविभाज्य भूमि रहेको बताउँदै भारत सरकारले हालै प्रकाशित गरेको नयाँ नक्सा आफूहरुलाई मान्य नहुने दोहोर्‍याए ।

सो विषयमा कांग्रेसले यसअघि नै धारणा सार्वजनिक गरिसकेको उल्लेख गर्दै उनले भने- कात्तिक २३ गते प्रधानमन्त्रीले बोलाएको सर्वदलीय बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवाले भारतीय सुरक्षा बल रहेको कालापानी

(बाँकी अन्तिम पृष्ठमा)

## बिद्युतीय दुर्घटनामा २१८ जनाको मृत्यु

**झापा, कात्तिक २६।** विद्युतीय दुर्घटनामा परी देशभर दुई सय भन्दा बढीले ज्यान गुमाएका छन् ।

नेपाल विद्युत् प्राधिकरणको पछिल्लो तथ्याङ्क अनुसार सात वर्षभित्रमा दुई सयभन्दा बढीले विद्युतीय दुर्घटनामा परेर ज्यान गुमाएका हुन् । प्राधिकरणको उक्त तथ्याङ्क अनुसार २०६८ यता प्राधिकरणका २ सय १८ कर्मचारीको मृत्यु भएको छ भने २ सय ३७ जना घाइते भएका छन् । यसरी बढ्दो विद्युतीय दुर्घटनाको जोखिम न्यूनीकरण गर्नका लागि नेपाल विद्युत् प्राधिकरणले 'सेफ्टी सेल' (सुरक्षा संयन्त्र) गठन गर्ने भएको छ ।

प्राधिकरणले विद्युत्को काम गर्ने कर्मचारीको सुरक्षालाई ध्यानमा राखेर विज्ञ टोली सम्मिलित सेल गठन गर्न लागेको हो । सेल गठनको प्रस्ताव सञ्चालक समितिमा लगिएको प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालयका अनुसार अब बस्ने समिति बैठकबाट उक्त प्रस्ताव पारित हुनेछ ।

सेलले विद्युत् प्रवाह हुने लाइनको काम गर्ने कर्मचारीको सुरक्षाका लागि पञ्जा, हेलमेट, बुट लगायत उपकरण अनिवार्य प्रयोगको व्यवस्था गर्ने पनि उनले बताए । 'प्राधिकरणले दिने विद्युत् सेवा सुरक्षित बनाउन सेलको भूमिका रहने जनाएको छ भने उक्त सेलले कुनै कर्मचारीले सुरक्षाका सामाग्री प्रयोग गरेको छ वा छैन भन्नेबारे अनुगमन समेत गर्नेछ ।

सुरक्षा उपकरणको प्रयोगमा कर्मचारीबाट हुने लापरबाहीले धेरै दुर्घटना भइरहेकाले सचेतना बढाई उपकरण प्रयोगलाई अनिवार्य गर्नुपर्नेमा प्राधिकरणको ध्यान गएको एक प्राधिकरणका एक अधिकारीले बताएका छन् । सेलले नियमित रूपमा सेफ्टी अडिट गर्नेछ । सुरक्षा उपकरण कस्तो र कसरी प्रयोग गर्ने भन्नेबारे कर्मचारीमा सचेतना जगाउने काम पनि सेलले गर्नेछ ।

अहिले प्रयोग भइरहेका उपकरण गुणस्तरहीन भएको भन्ने आवाज कर्मचारीले उठाएपछि अन्तर्राष्ट्रिय गुणस्तरको हेलमेट, पञ्जा, बुटलगायतका उपकरणको व्यवस्था प्राधिकरणले गर्ने ती अधिकारीले वताएका छन् । उनका अनुसार 'वितरण केन्द्रले स्थानीय ठेकेदारमार्फत खरिद गर्ने उपकरण गुणस्तरहीन छन् भन्ने गुनासो आएपछि केन्द्रीय कार्यालय आफैंले खरिद गरेर देशभरका वितरण केन्द्रमा पुर्‍याउनेछ ।' उनले सेलका विज्ञबाट गुणस्तरमापन गराएरमात्र उपकरण खरिदको निर्णय लिइने बताए ।

बर्षेनि बिद्युतीय दुर्घटनामा परेर मृत्यु हुनेको संख्या बढिरहेकाले अब मानव, उपकरण र प्रणालीलाई सुरक्षित बनाउने कुरामा ध्यान दिइने प्राधिरकणले जनाएको छ ।

## हुण्डीको सात लाखसहित दुई पक्राउ

**बिराटनगर, कात्तिक २६ ।** प्रहरीले अवैध हुण्डी कारोबार गर्ने दुई जनालाई सात लाख रूपैयाँ सहित पक्राउ गरेको छ ।

विराटनगर महानगरपालिका-१५ स्थित भन्सार कार्यालयको अगाडिबाट हुण्डी कारोबारको लागि प्रयोग गरिएको नगदसहित प्रहरीले चेकजाँचका क्रममा उनीहरूलाई पक्राउ गरेको हो ।



पक्राउपर्नेमा को३९प ७३९६ नम्बरको मोटरसाइकलमा सवार विराटनगर-१४ ओम साइराम टोल बस्ने ३० वर्षीय ज्योतिकुमार साह र मोटरसाइकलको पछाडि सवार भारतको अररिया-१७ जोगवनी साहुटोल बस्ने १९ वर्षीय विक्कीकुमार साह रहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

हुण्डी कारोबार गर्ने मानिसहरू अबैध नगदसहित जोगवनीबाट विराटनगरतर्फ गइरहेको भन्ने सूचना पाएपछि प्रहरीले सडकमै मोटरसाइकल चेकजाँच गरेको थियो ।

सोही क्रममा ज्योतिकुमारको साथबाट चार लाख रूपैयाँ र बिक्कीकुमारको साथबाट तीन लाख रूपैयाँ फेला परेको प्रहरीले जनाएको छ । उक्त रकमको स्रोतबारे जानकारी माग्दा उनीहरूले खुलाउन नसकेको प्रहरीको दाबी छ ।

प्रहरीले घटनास्थलमै आवश्यक सोधपुछ

(बाँकी अन्तिम पृष्ठमा)

## 'प्रदेशको नाम सहमतिमा टुङ्गिन्छ'

**मोरङ, कात्तिक २६।** प्रदेश नम्बर १का मुख्यमन्त्री शेरधन राईले १ नम्बर प्रदेशको नाम सबै दलको सहमतिमा छिट्टै प्रदेशसभाले टुंगो लगाउने बताएका छन् ।

किरात समुदायमा समाज सुधारको अभियान शुरु गर्ने नेपालका १६औं राष्ट्रिय विभूति किराँत धर्मगुरु फाल्गुनन्द लिङ्देनको १३५औं जन्मजयन्तीमा मोरङ मिक्लाजुङ-३को टाँढीमा आयोजित एक कार्यक्रममा उनले यस्तो बताएका हुन् । उनले प्रदेशको राजधानी पनि सबै दलको सहमतिमा बिराटनगरलाई तोकिएको जानकारी दिँदै सबै दल र ९३ जनै सांसदको सहमतिमा प्रदेशको नामकरण गरिने बताए ।

यसअघि कार्यक्रममा बोल्दै लिम्बुवान राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देन मिराकले प्रदेशको नामकरण किरात-लिम्बुवान राख्नुपर्ने माग गरे । उनले पहिचानको पक्षमा आफूहरुले शुरु गरेको आन्दोलन अहिले पनि जारी रहेको भन्दै प्रदेशको नाम पहिचानमा आधारित हुनुपर्छ भन्ने माग अहिले पनि कायम रहेको बताए । लिङ्देनले नेपाल आफ्नो देश र लिम्बुवान आफ्नो घर भएको भन्दै नेपालको अखण्डताभित्र लिम्बुवान,

(बाँकी अन्तिम पृष्ठमा)


## छोराको कुटाइबाट मृत्यु

**महोत्तरी, कात्तिक २६।** महोत्तरी जिल्लाको मटिहानी नगरपालिका-८मा सोमवार राति छोराको कुटाइबाट बाबुको मृत्यु भएको प्रहरीले आशंका गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले मटिहानी नगरपालिका-८ बस्ने ५५ वर्षीय रामसुन्दर रामको मृत्यु उनका छोरा वीरेन्द्रको कुटाइबाट भएको आशंकामा निजलाई आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिइएको बताए ।

दुवै बाबुछोराबीच झैझगडा हुँदा छोराले कुटपिट गर्दै धक्का दिएर भुइँमा लडाएपछि उनको मृत्यु भएको थियो । शव परीक्षणको प्रतिवेदनपछि मात्रै घटनाका बारेमा स्पष्ट भन्न सकिने प्रनाउ बुढाथोकीले बताए । प्रहरीले शव परीक्षणका लागि जिल्ला अस्पताल जलेश्वरमा लगेको छ ।

**हार्दिक बधाई तथा शुभकामना**



प्रेमसागर सापकोटा

यस कमिटीका अध्यक्ष एवम् ऊर्जाशील व्यक्तित्व **प्रेमसागर सापकोटा** श्रद्धा कृषि सहकारी संस्था लिमिटेडको गत कात्तिक २५ गते सोमबार सम्पन्न भएको ११औं वार्षिक साधारण सभाबाट गरिमामय अध्यक्ष पदमा तथा उपाध्यक्षमा छविलाल शिवाकोटी, सचिवमा कृष्णप्रसाद चापागाँई, सहसचिवमा युवराज नेपाल, कोषाध्यक्षमा माया कार्की र सदस्यहरुमा कुमारी भण्डारी, खगेन्द्र इङ्नाम, नरेश खाती, यशोदा पोखरेल, सीता कँडेल परियार र हेमबहादुर कार्की सर्वसम्मत चयन हुनुभएकोमा उहाँहरुको कुशल तथा सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

राजु शेर्मा, सचिव — कुसुम राई, सह-इन्चार्ज — नरकुमार तामाङ 'नारद', इन्चार्ज

तथा **नेपाल कम्युनिष्ट पार्टी(नेकपा) नगर कमिटी परिवार**, अर्जुनधारा नगरपालिका, झापा

**घर बिक्रीमा**

बिर्तामोड नगरपालिका–४, भद्रपुर बस स्टेण्ड छेउमा रहेको अढाई तले घर विक्रीमा रहेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८१४०३८३४३

**फ्ल्याट भाडामा**

बिर्तामोडस्थित भद्रपुर रोड माछापुछ्रे बैंक भएको घरको 1200 Sqft. क्षेत्रफल भएको तेस्रो तला कन्सल्टेन्सी, इन्स्योरेन्स या वित्तीय संस्थाको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।
सम्पर्क: ०२३-५४३२४८, ९८०४९९९६९५

**यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर**

कात्तिक २८ गते विहीवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिाहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३–५४४५३८, मो. ९८४२७५७६०४)

बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको

**उपभोक्ता परिचय-पत्र वितरणका लागि म्याद थप गरिएको सूचना**

यस संस्थाको सातौं कार्यकालका लागि पदाधिकारीहरु चयन गर्न हुने मिति २०७६।०८।१४ गतेको निर्वाचनलाई मध्यनजर राख्दै यस संस्थामा आवद्ध सदस्यहरुलाई उपभोक्ता परिचय–पत्र वितरण, विगतमा परिचय–पत्र प्राप्त गरी हराएको हकमा प्रतिलिपि, धारा नामसारीआदि कार्य गरी उपभोक्ताको मतदाता नामावली तयार गर्नुपर्ने भएकाले निम्न बमोजिमका आवश्यक कागजात प्रमाणसहित यही २०७६ कात्तिक २९ गतेभित्रमा संस्थाको कार्यालय १ नं. ट्यांकी बिर्तामोड–५ झापामा सम्पर्क राख्नुहुन सम्पूर्ण उपभोक्ताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसअघि २०७६।०७।०७ बाट १५ दिनभित्रमा सम्पर्क राख्ने बारेको सूचना प्रकाशित भएकोमा उपभोक्ताको सुविधालाई ध्यानमा राखी २०७६।०७।२९ गतेसम्मका लागि म्याद थप गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**निम्न**

१) विगतमा उपभोक्ता परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुले २०७६ साल कात्तिक मसान्तसम्मको पानी महशुल तिरेको रसिद संलग्न हुनुपर्नेछ ।
२) नयाँ उपभोक्ता परिचयपत्रको हकमा नागरिकता प्रमाणपत्र सक्कलै, पासपोर्ट साइजको फोटो २ प्रतिसहित सम्बन्धित व्यक्ति स्वयम् उपस्थित हुनुपर्ने ।
३) धारा नामसारीको हकमा घर जग्गा खरिद गरेको राजीनामा कागजको फोटोकपी, जग्गाधनी प्रमाण पूर्जाको फोटोकपी, नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी, पासपोर्ट साइजको फोटोको २ प्रतिसहित सम्बन्धित व्यक्ति स्वयम् उपस्थित हुनपर्नेछ ।

**मेघराज बास्तोला**, सचिव — **जलकुमार गुरुङ**, अध्यक्ष

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**




ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरूमा १०% छुट गरिएको छ ।

सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो. तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

# VACANCY ANNOUNCEMENT

**Balmiki Education Foundation** a reputed school of Estern Nepal is looking forward to appoint teachers for the following subject/post.

| S.N. | Post | Nos. | Qualification | Experience |
|---|---|---|---|---|
| 1. | Pre-Primary Inchage | 01 | Masters/ Bachelor | 5 yrs |
| 2. | Class Two (Grade) | 01 | Bachelors | 3 yrs |
| 3. | Pre-Primary (Grade) | 01 | Bachelors | 3 yrs |
| 4. | Foreign Language (French) | 01 | Basic | |
| 5. | ABACUS | | Basic | |
| 6. | Activity (Pre-primary) | | Active and Should be albe to teach Rhymes, Conversation etc. | |

Applicants must have a pleasant personality and be ready to upgrade and update according to he need of the school. Command in spoken and written English is a must. If you want to build your career in the Education field than please come along with your CV and meet us in Balmiki school during school during school hours within **5th of Mangsir.**

*Principal*
**Balmiki Education Foundation**
Birtamode-1, Jhapa (023-542820/ 9804952506)

# बंगलादेशले ९ हजार मेगावाट विद्युत् किन्ने

**झापा, कात्तिक २६।** चार दिने सद्भावना भ्रमणका क्रममा बाङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिद मङ्गलवार काठमाण्डू आइपुगेका छन् ।

दक्षिण एशियाका यी दुई छिमेकी मुलुकबीचको सम्बन्ध पछिल्लो समय सम्पर्क सञ्जाल तथा ऊर्जा सहयोगमा केन्द्रित हुन थालेको छ ।

गत वर्ष नै बंगलादेशले नेपालबाट आगामी २० वर्षभित्र ९ हजार मेगावाट बिजुली किन्न सकिने जनाएको थियो । दुई देशबीच भएको ऊर्जा सहयोगसम्बन्धी समझदारी पश्चात् उनीहरू अहिले भारतलाई त्यसमा सघाउ पुऱ्याउन घच्घच्याउँदैछन् । हाल देशको कूल जडित क्षमता नै १२ सय मेगावाट हाराहारीमा रहेका बेला ९ हजार मेगावाट बंगलादेशलाई निर्यात गर्न कत्तिको सम्भव होला ? भन्ने प्रश्नमा ऊर्जा, जलस्रोत तथा सिञ्चाइ सचिव दिनेशकुमार घिमिरेका अनुसार यो एकदमै सम्भव रहेको बताए ।

**अड्चन र अवसर**

बंगलादेशको आशा नेपालबाट ९ हजार मेगावाट विद्युत् आयात गर्ने रहेको देखिन्छ बंगलादेशको सरकारी दस्तावेजमा उनीहरूले सन् २०४० सम्म नेपालबाट ९ हजार मेगावाट विद्युत आयात गर्न चाहन्छौँ भन्ने उल्लेख गरेका छन् । त्यसकारण सन् २०४० सम्मको हाम्रो योजना हेर्दाखेरि त्यो परिमाणमा निर्यात गर्न सम्भव हुन्छ- सचिव घिमिरेले भने ।

दुई देशबीच ऊर्जा सहयोग समझदारी पत्रमा हस्ताक्षर भएपछि दुईवटा बैठक भइसक्यो । ती दुवै बैठकको केन्द्रमा बंगलादेशले नेपालमा जलविद्युत्मा लगानी गर्ने अनि नेपालबाट ऊर्जा आयात गर्ने जस्ता विषयमा केन्द्रित रहे।

बंगलादेशले नेपालमा जलविद्युत् आयोजनामा लगानी गर्न चाहिरहेको छ। दुवै देश मिलेर उपयुक्त आयोजना छनोट गर्ने काम भइरहेको छ। पहिचानको लागि एउटा संयुक्त कार्यसमूह बनेको छ- घिमिरेले भने। बैठकमा नेपालको विद्युत् खरिद कुन प्रक्रियामार्फत गर्ने भन्ने बारे पनि छलफल भएका छन् ।

**प्रशारण सञ्जाल कस्तो हुने ?**

बंगलादेशसँग सोझै प्रशारण लाइन जोड्ने हो कि वा भारतको प्रशारण संरचना उपयोग गरेर ऊर्जा आयात-निर्यात गर्ने हो भन्ने बारे छलफल भएका छन् ।

**भारतले के गर्ला ?**

नेपाल र बंगलादेशबीच ऊर्जाको महत्वाकांक्षी सहयोगको चाहना रहँदै आएको छ। तर, त्यो फलदायी हुनका लागि भारतको भूमिका निर्णायक रहने देखिन्छ।

नेपाल र बंगलादेशबीच सोझो सीमाना नभएका हुनाले जेसुकै व्यापार गर्न भारतको भूमि प्रयोग गर्नै पर्ने हुन्छ। यस विषयमा भारतीय पक्षसँग पनि साथै बसेर त्रिपक्षीय सहमति गर्ने भन्ने कुरा भएको छ। सोही अनुसार भारतलाई प्रस्ताव गरेर हालै भारतमा सचिवस्तरीय बैठक पनि सम्पन्न भएको बताइएको छ।

करिब एक महिना पहिले भारतको बेंगलुरुमा बसेको सो बैठकमा तीन महिनाभित्र त्रिपक्षीय बैठक बस्ने महत्वपूर्ण सहमति पनि भएको घिमिरेले बताए। सचिव घिमिरे भन्छन्- हामी विश्वस्त छौं, जुन किसिमका प्रतिबद्धताहरू व्यक्त भएका छन्, जस्ता द्वीपक्षीय तथा क्षेत्रीय सम्झौताहरू भएका छन्, तिनलाई नै आधार मानेर हामी अघि बढ्ने हो। भारत सकारात्मक छ। (वीवीसी)

## ब्रम्हकुमारी राजयोग सेवा केन्द्रको रजत जयन्ती

**भद्रपुर, कात्तिक २६।** हरेक जातजाति, धर्म तथा संस्कृतिको पक्षमा आध्यात्मिक ज्ञान र राजयोगको शिक्षा दिँदै आइरहेको ब्रम्हकुमारी राजयोग सेवा केन्द्र चन्द्रगढीले रजत जयन्ती महोत्सव मनाउने भएको छ ।

झापाको सदरमुकाममा सेवा केन्द्र स्थापना भएको २५ बर्ष पूरा भएको सन्दर्भमा आज बुधवारदेखि साताव्यापी महोत्सवको आयोजना गर्न लागेको हो ।

सेवा केन्द्रले मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै साता व्यापी महोत्सवको कार्यक्रम सार्वजनिक गरेको हो । महोत्सवको उद्घाटन दिउँसो ३ बजे सेवा केन्द्रबाट मोटरसाइकल यात्रा गरी गर्न लागेको सेवा केन्द्र बिर्तामोडका प्रमुख पूर्णिमा दिदीले जानकारी दिइन् । सेवा केन्द्रबाट शुरु गर्ने मोटरसाइकल यात्रा क्याम्पसमोड, अस्पतालचोक, भद्रपुर बजारदेखि झापाचोक, मन्त्रीचोक, लेखनाथचोक, केन्द्रमोड, धनुषमोड हुँदै पुनः सेवा केन्द्रमा आएर टुंगिनेछ । मोटरसाइकल यात्रामा सयभन्दा बढीको सहभागिता हुने जनाइएको छ ।

त्यस्तै महोत्सवको दोस्रो र तेस्रो दिन राजयोग शिविर, तनावमुक्त जीवनशैलीको प्रशिक्षण, चौथो दिन स्वास्थ्य जनचेतना, पाँचौ दिन वृहत् रक्तदान, छैठौं दिन शान्ति पदयात्रा र अन्तिम दिन मेची रंगशाला अगाडिको खुल्ला चौरमा रजत महोत्सवको समापन कार्यक्रम गरिने पूर्णिमा दिदीले जानकारी दिइन् ।

महोत्सव समापनमा ब्रम्हकुमारी राजयोग सेवा केन्द्र नेपालका निर्देशक राजयोगिनी ब्रम्हकुमारी राज दादीको अध्यक्षतामा विभिन्न कार्यक्रम हुनेछन् । समापन कार्यक्रमको प्रमुख अतिथि अनन्त श्री विभूषित जगतगुरु प्रथम महिला शंकराचार्य स्वामी हेमानन्द गिरी महाराज आउने जनाइएको छ ।

## माताले गरिन् आश्रमको बालबालिकालाई सहयोग



**झापा, कात्तिक २६।** इटहरी घर भएकी माता सविता शर्मा सरु आचार्यले मोरङ र सुनसरीमा भएका विभिन्न आश्रममा रहेका बालबालिकाका लागि सहयोग प्रदान गर्दै आएकी छिन् ।

सामाजिक क्षेत्रमा क्रियाशील रहेकी माता आचार्यले विभिन्न आश्रममा रहेका बालबालिकाका लागि खाद्यान्न, लत्ताकपडा सहयोग गर्दै आएकी हुन् । मोरङको उर्लाबारीमा रहेको नमूना बाल गृहका अनाथ बालबालिकाहरुलाई उनले पछिल्लो समय लत्ताकपडा वितरण गरेकी थिइन् ।

उर्लाबारी नगरपालिकामा रहेको नमूना बाल गृहका ४७ जना बालबालिकालाई माता सविताले लत्ताकपडा वितरण गरेकी हुन् । लत्ताकपडा खरिदका लागि समाजसेबी हेम थापाले पनि नगद १० हजार रुपैयाँ सहयोग गरेको माता सविताले जानकारी दिइन् ।

नमूना बाल गृहका बालबालिकाहरुको अवस्था देखेर धेरै माया लागेको र सानो सहयोग गर्न पाउँदा खुशी लागेको उनले बताइन् । उनले आगामी दिनमा पनि बाल गृहको विकासका लागि आफूले सकेको सहयोग गर्ने प्रतिबद्धता जाहेर गरिन् ।

आफू अलौकिक माता भएको र आफूमा अलौकिक शक्ति रहेको बताउँदै माता सविताले आफूले गरेको भबिष्यवाणी शतप्रतिशत मिल्ने दाबी समेत गरिन् । पछिल्लो समय बाबाजी, अघोरीहरुले बिवाह गरेको प्रसंगलाई जोड्दै माता सविताले आफ्नो विहे गर्ने मनशाय नरहेको बताइन् । यसअघि पनि बाल गृहमा सबिताले खाना खुवाएकी थिइन् ।

त्यस्तै, माता सविताले इटहरी, काठमाडौंलगायत क्षेत्रका बाल गृह, बृद्धाश्रम, अपाङ्गता भएका समूहका व्यक्ति लगायतलाई सहयोग गरिसकेको बताइन् । आचार्यले आश्रममा रहेका बालबालिकाका लागि सहयोग प्रदान गर्दै राजतन्त्र नफर्किएसम्म मुलुकमा शान्ति नआउने बताएकी छन् ।

## सताक्षी महोत्सवमा फ्रि वाईफाई

**सताक्षीधाम, कात्तिक २६।** उपभोक्ताले मोबाइल सेवा समेत नपाएको झापाको सताक्षीधाममा पहिलोपटक मंगलबारदेखि इन्टरनेट सेवा पुगेको छ ।

शिवसताक्षी नगरपालिका र इन्टरनेट सेवा प्रदायक निजी कम्पनी युनिफाइड कम्युनिकेशन प्रा.लि को संयुक्त प्रयासमा धार्मिक तथा पर्यटकीय क्षेत्र सताक्षीधाममा पहिलोपटक इन्टरनेट सेवा विस्तार भएको हो । इन्टरनेशनल ब्यान्डविथ आवश्यक अनुशार कम्तिमा ५०देखि १०० एमवीपीएस र लोकल ब्यान्डवीथ ८०० देखी १००० एमवीपीएससम्मको क्षमता भएको कम्पनीका सञ्चालक बिजय श्रेष्ठले जानकारी दिए ।

इन्टरनेट जडान भएपछि सतासीधाम क्षेत्र आउने तीर्थयात्रीमध्ये एकैपटक करिब १२५० ले प्रयोग गर्न सक्नेछन् । सताक्षी महोत्सवमा आउने तीर्थयात्रीको सहजतालाई ध्यानमा राखेर नगरले युनिफाइड कम्युनिकेशन प्रालि को सहकार्यमा धाममा इन्टरनेट सेवा पुऱ्याएको नगर प्रमुख चन्द्रकुमार सेर्माले जानकारी दिए ।

कात्तिक २७ गतेदेखि मंसीर ९ गतेसम्म आयोजना हुने सताक्षी धार्मिक महोत्सवको पूर्व सन्ध्यामा इन्टरनेट सेवा जडान भएपछि महोत्सवमा आउने भारतीय र भुटानी भक्तजनहरुले समेत खुशी व्यक्त गरेका छन् । महोत्सव परिसरमा भारत र भुटानका हिन्दू धर्मालम्वीको धाममा घुइँचो लागेको छ ।

महोत्सव परिसरमा ७ वटा हाई रेन्जको आउट डोरको सीपी तथा रकेट ओम्नी डिभाईस जडान गरिएको नगरका आइटी अफिसर गणेश अधिकारीले बताए । विदेशी पाहुनाका लागि बनाइएको कुटीमा समेत इन्टरनेट सेवा पुऱ्याइएको आयोजक समितिले जनाएको छ ।

सताक्षीधाम धार्मिक महोत्सवको उद्घाटन १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राईले गर्ने आयोजक समितिका अध्यक्ष सोम पोर्तेलले जानकारी दिए । विहान ९ बजे दोमुखास्थित कनकाई नदीमा स्नान गरी अर्जुनधारा जलेश्वर धाम हुँदै पहिलोपटक योगी नरहरिनाथले आयोजनाको कोटीहोम क्षेत्रमा पुगेर झिलझिले सताक्षीधाम क्षेत्रको रमिते डाँडाबाट १२ बजे कलशसहितको शोभायात्रा आयोजना गर्ने आयोजक समितिले जनाएको छ ।

कार्यक्रममा महामण्डलेश्वर अनन्त श्री विभुषित स्वामी विष्णु बल्लभानन्द महाराज लगायतका धर्म गुरुको सहभागिता रहने संरक्षक आचार्य नन्दकिशोर भारद्वाजले जानकारी दिए । महोत्सवको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जनाएको छ ।

## प्रहरी कार्यालयमा बम आक्रमण

**झापा, कात्तिक २६ ।** सांसद अफताब आलमको मुद्दाको सुनुवाई अदालतमा चलिरहेको बेला रौतहटको ईशनाथ नगरपालिका-४स्थित मठिया प्रहरी चौकीमा बम प्रहार भएको छ ।

मोटरसाइकलमा आएका दुई जना व्यक्तिले प्रहरी कार्यालयमा सुतली बम प्रहार गरेका हुन् । बम प्रहारबाट मठिया प्रहरी चौकीमा कार्यरत प्रहरी जवान राजेन्द्रप्रसाद यादव सामान्य घाइते भएको र एउटा खसी मरेको रौतहट प्रहरी प्रमुख प्रहरी उपरीक्षक भूपेन्द्र खत्रीले जानकारी दिए ।

प्रहरीले भारतीय नम्बर बीआर ०५८६५०९को मोटरसाइकलसहित भारतीय नागरिक चन्दनकुमारलाई पक्राउ गरेको छ । आलमकै केसमा प्रहरीबिरुद्ध अपराधिक समूहलाई प्रयोग गरिएको संकेत पाइएको स्रोतले जनाएको छ ।

## रुखबाट लडेर एक जनाको मृत्यु

**उदयपुर, कात्तिक २६।** उदयपुरको ताप्ली गाउँपालिका-१ फलाँटे बस्ने ४५ बर्षीया भरिमाया राईको रुखबाट लडेर मृत्यु भएको छ ।

घर नजिकै रहेको जाल्माको रुखमा चढी घाँस झार्ने क्रममा अचानक रुखबाट लडेर घाइते भएकी राईलाई उपचारको लागि अस्पताल लैजाने तयारी गर्दा गर्दै घरमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय कटारीले जनाएको छ । घटनास्थलमा प्रहरी टोली खटी गई कानूनी प्रकृया पूरा गरी अन्य थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

### हुण्डीको ...

गर्ने क्रममा भारतको अररिया जिल्लामा पर्ने जोगवनी बजारबाट एक जना व्यक्तिले हुण्डी कारोवारको रकम पठाएको र उक्त रकम सम्बन्धित व्यक्तिको जिम्मा लगाए वापत प्रति १ लाख एक सय रूपैयाँ पाउने गरेको जानकारी दिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी राजकुमार खिउजूले बताए ।

पक्राउ परेका दुवैमाथि थप अनुसन्धान अघि बढाउन मूल भन्सार कार्यालय रानीमा बुझाइएको जनाइएको छ ।

### प्रदेशको ...

खम्बुवान खोजेको बताए।

यस्तै लिङ्देनले महाकालीमा भारतले सीमाना मिचेको विषयमा सर्वदलीय बैठक हुँदा आफूलाई प्रधानमन्त्रीले नबोलाएको भन्दै असन्तुष्टि जनाए । यद्यपि सीमा विवादको विषयमा कुटनीतिक ढंगले एकताबद्ध भएर नेपालको भूमि फिर्ता ल्याउनुपर्ने आफूहरुको मत रहेको लिङ्देनको स्पष्टोक्ति थियो ।


**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित होटलका लागि निम्नानुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
कुक, वेटर, रुमब्वाई: केही
मो. ९८५२६६३२७७, मेचीनगर-६, काँकरभिट्टा, झापा


### इमेल ...

तीन जनाविरुद्ध मुद्दा दर्ता भएको छ ।

यस्तै आव २०७३/०७४ मा एक हजार १९७ उजुरी दर्ता भएकोमा २६ जनाबिरुद्ध मुद्दा चलेको थियो । आव २०७४/०७५ मा एक हजार ४८२ उजुरी दर्ता भएकोमा ६८ जनाविरुद्ध मुद्दा दर्ता भएको तथा आव २०७५/०७६ मा एक हजार ९३८ उजुरी दर्ता भएकोमा ६७ जनाविरुद्ध मुद्दा दर्ता भएको महाशाखाले जनाएको छ ।

महाशाखाका प्रमुख थापा साइबर ऐन नबन्दा मुद्दा चलाउने सम्बन्धमा केही समस्या भएको बताउँछन् । अहिले साइबर अपराधलाई महाशाखाले विद्युतीय कारोवार ऐनअन्तर्गत कारवाही गर्दै आएको छ । विद्युतीय कारोवार ऐन अन्तर्गत साइबर अपराध गर्नेलाई पाँच वर्षसम्म जेल वा रु एक लाख वा दुवै सजाय हुने प्रावधान छ ।

साइबर अपराधबाट मानिस घरबारविहीन हुने, पढाइ बिग्रने, आत्महत्या बढ्ने गरेको महाशाखाको तथ्याङ्कमा उल्लेख छ । नेपाल प्रहरीले पछिल्लो समय साइबर अपराधका घटनामा वृद्धि भएपछि केन्द्रीय साइबर ब्यूरो स्थापनासमेत गरेको छ । प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको विशेष सक्रियतामा विसं २०७५मा केन्द्रीय साइबर ब्यूरो स्थापना भएको हो ।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेल प्रविधिको विकाससँगै सामाजिक सञ्जालबाट हुने अपराध नियन्त्रणका लागि केन्द्रीय साइबर ब्यूरो स्थापना गरिएको बताउँछन् । साइबर ब्यूरो हाल भोटाहिटीबाट सञ्चालनमा आएको छ । स्रोत र साधनको अभावका कारण साइबर ब्यूरोले साइबर घटनाको बारेमा पूर्ण अनुसन्धान गर्न नसके पनि केही घटनाको भने अनुसन्धान गर्दै आएको छ । महाशाखाले समेत अहिले साइबर अपराधका घटनाको अनुसन्धानका लागि ब्यूरोमा पठाउन थालेको छ । प्रहरीले लागू गरेको 'समुदाय-प्रहरी साझेदारी' कार्यक्रमले साइबर अपराधसमेत रोकथाम हुने विश्वास प्रहरी प्रधान कार्यालयले लिएको छ ।

### नेपाली ...

लगायतको भूमि नेपालको भएको भन्दै सो क्षेत्र फिर्ता लिन सरकारलाई खुला र प्रष्ट समर्थन रहने धारणा व्यक्त गरिसक्नुभएको छ ।

सरकारले गरेको पहलबारे पार्टीले सतर्कतापूर्वक नियालिरहेको बताउँदै प्रवक्ता शर्माले सीमा विवाद सम्बन्धमा राष्ट्रिय एकता निर्माण भएको अवस्थामा परिणाममुखी पहल गर्न सरकार सक्षम हुने पार्टीको विश्वास रहेको धारणा व्यक्त गरे ।

**निर्वाचन आचारसंहिता पालना**

सरकारले प्रदेश प्रमुख बर्खास्त गरेको घटनाले निर्वाचन आचारसंहिता नमिचिएको भनेर निर्वाचन आयोगले दिएको प्रष्टीकरणप्रति कांग्रेसको ध्यानाकर्षण भएको कांग्रेसले जनाएको छ । प्रवक्ता शर्माले भने- निर्वाचन आचारसंहिताको परिच्छेद-४को ९मा 'नयाँ पद सिर्जना गर्न या रिक्त पद पूर्ति गर्न' समेत नपाइने प्रष्ट व्यवस्था उल्लेख छ । कर्मचारीका हकमा मात्रै भन्ने तर्क दिएर उन्मुक्ति खोज्नु नैतिक दृष्टिले शतप्रतिशत गलत हुन्छ ।

आचारसंहिता आचार र व्यवहारसँग सम्बन्धित नैतिक दायराको बन्दोबस्त भएको बताउँदै उनले आचारसंहिता लागू भएपछि रिक्त पदसमेत पूर्ति गर्न नपाइने प्रष्ट व्यवस्था उल्लेख हुँदाहुँदै निर्वाचन आयोगले प्रदेश प्रमुखहरु बर्खास्त प्रकरणमा एकाङ्गी धारणा सार्वजनिक गर्नु आपत्तिजनक भएको टिप्पणी गरे ।

निर्वाचन आयोगसँग पूर्वसहमति लिएर अत्यावश्यक निर्णय लिन मिल्ने आवश्यकताको सिद्धान्त आकर्षित भएको नदेखिनु तर निर्वाचन आयोग जस्तो साझा संवैधानिक निकायले निरीहता प्रकट गर्नुलाई आगामी दिनको लोकतान्त्रिक अभ्यासका लागि सुखद् संकेत मान्न नसकिने प्रवक्ता शर्माको भनाइ थियो ।

पार्टीका तर्फबाट यसबारे केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा रहेको उपनिर्वाचन अनुगमन तथा निर्वाचन आयोग समन्वय समिति गठन गरिएको र सो समितिले केही दिनभित्रै निर्वाचन आयोगको नेतृत्वलाई भेटेरै ध्यानाकर्षण गराउने उनले जानकारी गराए ।

कांग्रेसले आचारसंहिताको नैतिक दायराभित्र रहेर स्वस्थ प्रतिस्पर्धामा उत्रन सबै पक्षलाई आग्रह गर्दै इमान्दार कार्यान्वयनमा प्रभावकारी भूमिका निभाउन समेत ध्यानाकर्षण गराएको छ ।


**होटल विक्रीमा**

बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) विक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८१६९८१०१७

**नेपाली कांग्रेस झापाको निमन्त्रणा**



नेपाली कांग्रेसका बरीष्ठ नेता **श्री रामचन्द्र पौडेल**ज्यूको प्रमुख आतिथ्य र केन्द्रीय नेताहरुको बिशेष उपस्थितिमा नेपाली कांग्रेस झापाको आयोजनामा निम्न मिति, समय र स्थानमा जिल्लास्तरीय कार्यकर्ता भेला हुने निश्चय भएको हुँदा, नेपाली कांग्रेस जिल्ला, क्षेत्र, प्रदेश क्षेत्र, नगर, गाउँ, वडा समितिका पदाधिकारी, सदस्य, महासमिति, महाधिवेशन प्रतिनिधि तथा भातृ र शुभेच्छुक संस्थाका पदाधिकारी, सदस्य लगायत पार्टीका सम्पूर्ण क्रियाशील सदस्यहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम:
मिति : २०७६ कात्तिक २८ गते बिहीबार समय : दिनको ठीक १२ बजे
स्थान : गिरिजाप्रसाद कोइराला स्मृति भवन जिल्ला पार्टी कार्यालय बिर्तामोड

उद्धव थापा : सभापति, नेपाली कांग्रेस झापा

**Private / Open SEE 2076**

प्राईभेट SEE कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरुले यस वर्ष नै SEE पास गर्न सक्नेछन् ।
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975, मो.नं. 9807927033

**कर्मचारी आवश्यकता**

यस द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि., दमक-६ झापालाई निम्न अनुसारका कर्मचारीको आवश्यकता भएकाले योग्य तथा इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिएको छ ।

१) बिर्तामोड सेवा केन्द्र
बजार व्यवस्थापक- १ जना (न्यूनतम् योग्यता: +२ उत्तीर्ण)
क्यासियर- १ जना (न्यूनतम् योग्यता: +२ उत्तीर्ण)
रिसेप्सन- १ जना (न्यूनतम् योग्यता: +२ उत्तीर्ण)
बजार प्रतिनिधि- केही (न्यूनतम् योग्यता: एसईई उत्तीर्ण)

२) सुरुङ्गा सेवा केन्द्र
बजार व्यवस्थापक- १ जना (न्यूनतम् योग्यता: +२ उत्तीर्ण)

**आवश्यक कागजात:** नागरिकताको प्रतिलिपि, पीपी साइजको फोटो २प्रति, सवारी चालक अनुमतिपत्रको प्रतिलिपि र शैक्षिक योग्यताको प्रतिलिपि
**निवेदन दिने अन्तिम मिति:** २०७६ मंसीर २ गते
**सेवासुविधा:** संस्थाको नियम अनुसार

द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि., प्र.का. दमक-६, झापा
सम्पर्क: ०२३-५८५८५५, ५८४७४३ दमक , ०२३-४७५२५६ केर्खा, ०२३-५५०५२७ सुरुङ्गा, ९८०१५४२५७१, ९८०१५४२५७० बिर्तामोड

**जग्गा बिक्रीमा**

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
मो. ९८४२६५५९५०/९८०४९६९९९०

**चुडाल बन्धु कल्याण समिति**
केन्द्रीय कार्यालय, कनकाई नगरपालिका-३, सुरुङ्गा(झापा)को
**प्रेस विज्ञप्ति**

मिति: २०७६।०७।२६

हामी चुडाल बन्धु केन्द्रीय समिति एवम् समस्त चुडाल परिवार ध्यानाकर्षण गराउँदछौं कि बिगत २ बर्षदेखि सुरुङ्गास्थित कनकाई बहुमुखी क्याम्पसको सञ्चालक समितिको अध्यक्षको रुपमा रही उक्त क्याम्पसको शैक्षिक गुणस्तर अभिबृद्धि र उन्नयनका लागि अहोरात्र खटिरहँदा अस्थायी करारमा दरबन्दी रहेका प्राध्यापक हरिप्रसाद तिम्सिनालाई करार अवधि नवीकरण नगरेको निहुँ लिएर स्थानीय जनप्रतिनिधि कनकाई नपा-४का वडा सदस्य रोशन सुवेदीको नेतृत्वमा ९ जना सहभागी भई २०७६ कात्तिक २१ गते क्याम्पस हाताभित्र स्थानीय रोशन सुवेदीकै अगुवाईमा क्याम्पसका अध्यक्ष एवम् हामी चुडाल बन्धु केन्द्रीय समितिका महासचिव श्री प्रेमप्रसाद चुडाल (प्रकाश) माथि अभद्र एवम् अमानवीय व्यवहार गरेको पाइएको हुँदा उक्त घटनाको घोर भर्त्सना गर्दै हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । उक्त घटना घटाउने व्यक्तिहरुको नाममा जाहेरी समेत भइसकेको अवस्थामा चाँडोभन्दा चाँडो उक्त घटनाको दोषी पक्राउ गरी कानूनको कठघरामा उभ्याउन जोडदार माग गर्दछौं ।

साथै सुरुङ्गा निवासी महानुभावहरुमा यो अपिल समेत गर्दछौं निर्दोष व्यक्तिमाथि अभद्र व्यवहार गरिएको जानकारी गराउँदै यस्ता घटनालाई निरुत्साहित गर्न यस क्षेत्रका स्थानीय संघ-संस्था, बुद्धिजीवी, नागरिक समाज, राजनीतिक दल, बिद्यार्थी, व्यापारी, पत्रकार, मजदुर, क्याम्पसका सरोकार सबै पक्षसँग हार्दिक अपिल गर्दछौं ।

विष्णुप्रसाद चुडाल: अध्यक्ष
चुडाल बन्धु कल्याण समिति
केन्द्रीय कार्यालय, सुरुङ्गा एवम् परिवार

**VACANCY**

PREMIER LALIGURANS ENG. SCHOOL BIRTAMODE- 1, PANCHAKANYA REQUIRES IMMEDIATELY
*Asst. TEACHERS (FOR MATHS & SCIENCE Subjects)*
**QUALIFICATION :** B.Sc OR 10+2 PASSED IN ENG. MEDIUM WITH MATHS & SCIENCE SUBJECTS
CONTACT IMMEDIATELY WITH BIODATA. CONTACT No. 9817975354 EXPERIENCE PREFERABLE.

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसिसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# कनकाई क्याम्पसको समस्या हल गर

**झापाको मध्य भाग भएर बहने पवित्र कनकाई नदीको पूर्वी किनारमा अवस्थित मुलुक र मुलुक बाहिर पनि बन्दमुक्त नगरीको प्रसिद्धि कमाएको सुरुङ्गा यतिबेला विभाजित हुनु, आरोप–प्रत्यारोपमा उत्रनु र दुनियाँलाई सकारात्मक उदाहरण दिने नगर आफै नकारात्मकताको उदाहरण बन्नु दु:खद् छ । कनकाई क्याम्पस सुरुङ्गामा २०६१ सालदेखि हालसम्म पनि निरन्तर कार्यरत अंग्रेजी विभागका प्रमुख उपप्राध्यापक हरिप्रसाद तिम्सिनालाई क्याम्पस सञ्चालक समितिले सेवाबाट हटाएको छ । यो बर्खास्तीले क्याम्पस तनावग्रस्त छ र क्याम्पसको भविष्य पनि धूमिल हुने हो कि भन्ने संशय बढेको छ । प्राध्यापकहरु सेवा असुरक्षाले विचलित छन् । बन्द निषेधित शान्ति क्षेत्र मानिएको सुरुङ्गामा रहेको क्याम्पस विगत डेढ महिनादेखि तनावग्रस्त हुनु अस्वभाविक छ र कनकाई नगरका लागि यो अति ठूलो क्षति हो ।**

**समस्याको जड राजनीतिक सहमतिको आडमा बनेको सञ्चालक समितिबाट नेकपा सम्बद्ध उपाध्यक्ष, कोषाध्यक्ष र सदस्यहरु राजीनामा दिई बाहिरिँदा पुन: सर्वपक्षीय भेला गराई छलफल नगरिनुबाट यो समस्याको सृजना भएको देखिन्छ । सञ्चालक समितिका अध्यक्ष र क्याम्पस प्रमुखको कार्यशैलीसँग सहमत हुन नसकी गम्भीर असहमति भएर मात्रै राजीनामा दिएको सहजै बुझिने कुरा हो । क्याम्पसका सरोकारवालाहरुसँगको गाढा सम्बन्ध क्याम्पस सञ्चालक समितिले राख्न नसक्नु, कनिष्ठ व्यक्तिलाई क्याम्पस प्रमुख बनाई वरिष्ठहरुलाई पाखा लगाउनुले समस्यालाई बढाउन मलजल गरेको बुझिन्छ । राजनीतिक आस्थाका आधारमा व्यवहार गरिएको आरोप सुनिनु एउटा शैक्षिक संस्थाका लागि अशोभनीय कुरा हो । क्याम्पस प्रशासनले समन्वय गर्दै आफ्ना सहकर्मीहरुलाई साथै लिएर अघि बढ्न नखोज्नुले यो परिणाम आएको अनुमान गर्न गाह्रो छैन । प्राध्यापकहरुले स्वतन्त्रतापूर्वक काम गर्न नपाउने र विद्यार्थीले पनि स्वतन्त्रतापूर्वक पढ्न नपाउने हो भने यो क्याम्पस पढाउने र पढ्ने थलो रहिरहन्छ भनेर ढुक्क हुन सकिँदैन । निजीस्तरबाट सञ्चालित क्याम्पसहरुसँग राजनीतिक रुपमा खिचातानी भइरहने, कालोझण्डा, कालोमोसो, पेन डाउनको विभिषिकाभित्र गुम्सिएको क्याम्पसले प्रतिष्पर्धा गर्न सक्छ ? तत्काल समस्या हल गरी सहज वातावरण नबनाउने हो भने अभिभावकहरुको विश्वास र भरोसा नटुट्ला भन्न सकिँदैन ।**


**प्राप्त गलत सूचनाका आधारमा निर्णयहरु गरिनु नै समस्याको जड हो । कनकाई नगरबासीको दानदातव्यबाट बनेको यो सामुदायिक क्याम्पस सबैको साझा शैक्षिक संस्था हो भन्ने भाव सबैले बुझ्न आवश्यक छ । यो क्याम्पस आम कनकाईबासीहरुको संयुक्त प्रयासबाट स्थापित एक उच्च शैक्षिक थलो हो । यो सुरुङ्गाको गौरव हो । यो वा त्यो नाममा संस्थालाई कमजोर पार्नु हुँदैन । वैयक्तिक र दलगत स्वार्थभन्दा क्याम्पस माथि हुनुपर्छ । क्याम्पस सञ्चालकहरुले विधान तथा नियमभन्दा बाहिर गई क्याम्पस सञ्चालन गर्ने काम रोकिनुपर्छ । श्रमजीवी प्राध्यापक, कर्मचारीहरुलाई बिनाकारण, बिना सूचना बर्खास्त गर्दा शैक्षिक वातावरण खलबलिन्छ । आम चन्दादाता, क्याम्पसका सरोकारवाला, समाजसेवी बुद्धिजीवी, शिक्षाप्रेमी सुरुङ्गाबासीले फेरि एकपटक सहमति, सहकार्य र एकताको उदाहरण प्रस्तुत गर्न जरुरी छ । बौद्धिक केन्द्रको रुपमा रहेको क्याम्पसलाई समस्याग्रत राखिरहनुले फाइदा कसैलाई हुँदैन । संवाद, छलफल र अन्तरक्रियाको माध्यमबाट देखिएका समस्याहरुलाई हल गरी क्याम्पसमा शैक्षिक एवम् प्राज्ञिक वातावरण बनाउन जरुरी छ ।**

### सामाजिक सञ्जाल

२७ जनालाई इँटा भट्टामा जलाउने मोहम्मद आलमका पक्षमा नाराजुलुस गर्ने मान्छे छन् । वकालत गर्ने वकिल छन् । तर, ती जिउँदै जलाइएकाहरूको निम्ति कसले आन्दोलन गरोस् ? उनीहरूको सुरक्षाको प्रत्याभूति कसले गरोस् ? मान्छे बरु नचाहिने कुरामा माइतीघर धाउँछन् । गरीबको निम्ति दैव पनि साथ हुन्न रैछ ।

**– रमेश कँडेल**





सायद, इतिहासमै पहिलोपटक होला, सीमा रक्षाबारे 'सर्वपक्षीय बैठक' बस्यो । बैठकमा सबैको 'कालापानी हाम्रो हो, कुटनीतिक प्रयास थालौं' भन्ने कुरामा एकमत रह्यो । कमसेकम राम्रो कदमको समर्थन गरौं । हाम्रा बिरोधको स्वरभन्दा सरकारको कुटनीतिक पहल जरुरी छ, नेपाली मनले सोचे यति बुझ्न गाह्रो छैन नि ।

**– सूचना घिमिरे**

# घटना पुरानो, तरंग अहिले



**चिन्तामणि दाहाल**

**शीर्षक पुष्टि :**

अहिले देश विदेशमा बस्ने नेपाली जनता र राजनीतिक दलहरु तरंगित भएका छन् । नेपालको लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई भारतले हालै प्रकाशित गरेको राजनीतिक नक्सामा समेटेर आफ्नो पारेको भन्दै देश-विदेशमा बस्ने राष्ट्रवादी नेपाली र राजनीतिक दलमा तरंग पैदा भएको हो । तर, भारतले यी भूमि आफ्नो नक्सामा राखेको ७० बर्ष भएको बताएको छ ।

केही दिनअघि भारतले जम्मु-कश्मिरलाई संविधानको धारा ३७० अनुसार दिँदै आएको विशेष दर्जा खारेज गर्दै दुई केन्द्र शासित राज्य जम्मु-कश्मिर तथा लद्दाख भनेर छुट्याएपछि नयाँ राजनीतिक नक्सा जारी गरेको हो । त्यो नक्सामा नेपालका यी तीन क्षेत्र पारेको भन्दै नेपालमा हलचल भएको छ भने सबै राजनीतिक दलका नेता, भातृ संगठन र आम जनताले विरोध गरिरहेका छन् । उनीहरुले भारतले आफ्नो नक्साबाट ती तीन क्षेत्र हटाउनुपर्छ भन्ने माग राखेका छन् । त्यसक्रममा उनीहरुले भारत विरोधी चर्को नाराबाजी पनि गरेका छन् ।

वास्तविकता भनेको अर्कै छ । विवाद अहिलेको होइन । जुनबेला सुगौली सन्धी भयो त्यसैबेला यस विवादको बीऊ रोपिएको थियो । अंग्रेजहरुको उपनिवेशबाट भारत स्वतन्त्र भएपछि उसले जारी गरेको नक्सा मै यी तीन क्षेत्र उसले आफ्नो नक्सामा राखेको अहिले आएर प्रष्ट गरेको छ । त्यसैले होला उसले चीनसँग सन् २०१५ मा लिपुलेकको प्रयोग गर्ने सम्बन्धमा चीनसँग सहमति गरेको थियो । यो त्रिदेशीय विन्दु हुँदाहुँदै चीनले पनि नेपाललाई सोध्नुपर्छ भनेन । जुनबेला भारतले आफ्नो नक्सामा यी तीन क्षेत्र राखेको थियो र त्यहाँ आफ्नै सैनिक तैनाथ गरेको थियो त्यसबेला नेपालीले थाहै पाएनन् कि थाहा पाएर पनि विरोध गर्न सकेनन् ।

कालापानीमा भारतीय अतिक्रमण भयो भनेर २०५० सालतिर पनि विरोध प्रदर्शन भएको थियो । अझ महाकाली सन्धी संसदबाट पारित गर्ने बेलामा यो कुरा अहिलेकै बामनेताहरुले व्यापकरुपमा उठाएका थिए । विरोध भयो, थत मरियो । नेताहरुले बिर्से वा बिर्साइए । अहिले फेरि उठेको छ ।

**समस्याको जरो र समाधान :**

समस्याको जरो भनेको सन् १८१६ मा नेपाल र ब्रिटिश भारतबीच भएको सुगौली सन्धी नै हो भने समाधानको जरो पनि सुगौली सन्धीमै छ ।

सुगौलीको सन्धीमा काली (महाकाली) पारी र मेची पारीको जमिनमा नेपालका राजा र उनका उत्तराधिकारीले भविश्यमा पनि दाबी गर्ने छैनन् भनिएको छ । यस बुँदा अन्तर्गत मेची र महाकाली नदी नेपालका भए । नदी आधा-आधा भएनन् । दुबै नदीमा भारतको अधिकार रहँदैन ।

दोस्रो पूर्वको मेची नदीको उदगम मेची खोल्सीलाई मानियो भने त्यो भन्दा ठूलो सिद्धी खोलालाई मानिएन । त्यसैले पूर्वमा मेचीको उद्‍गमस्थललाई लिएर विवाद भएन । तर, पश्चिममा महाकालीको उद्‍गम कुन खोलालाई मान्ने भन्नेमा भारतले बेलायतबाट स्वतन्त्र भएपछि विवाद झिक्यो ।

नेपालको भनाई लिम्पियाधुराबाट बग्ने काली नदी नै महाकालीको उद्‍गमस्थल हो भन्ने दाबी हो र वास्तविकता पनि त्यही हो भने भारतले त्यसलाई नमानेर अर्कै खोल्सीलाई महाकालीको उद्‍गम मानेको छ । यसो गरेर उसले कालापानी, लिम्पियाधुरा र लिपुलेक भारततिर पारेको छ । विवाद यसैले जन्माएको हो । भारतको लिम्पियाधुराबाट बग्ने काली नदीलाई महाकालीको उद्‍गम मानिएको छ र यी तिन क्षेत्र नेपालमै देखाइएको छ । त्यसैगरी सन् १८५६ मा प्रकाशित भारतको नक्सामा पनि यी लिम्पियाधुराबाट बग्ने काली नदीलाई महाकालीको उद्‍गम मानिएको छ र नदी पूर्वका कुटी, नाबी, गुन्जी, कालापानी, नाभिहाङ, लिपुलेक आदिलाई नेपालकै सरहदभित्र पारिएको छ ।

यी नक्सा सुगौली सन्धीपछि ब्रिटिशकालीन भारतका हुन् । त्यसबेला नेपालका सर्भेयर थिएनन् । भारतीय सर्भेयरले नै तयार पारेको नक्सा र सीमानालाई नेपालले मानेको हो । यसैले अहिले आएर भारतले चीनसँग व्यापार गर्न सजिलो बनाउन यी क्षेत्र कार्टियोग्राफीक एग्रेसन गरी भारतीय नक्सामा हाल्नु उसको दुरासयपूर्ण अतिक्रमण हो ।

त्यस्तै नेपालले सुगौली सन्धी र त्यसपछि ती क्षेत्रमा नेपालले भोगेका आधार तथा सन् १८७२/०७३ मा भारतीय सर्भेयरले नै तयार पारेको सीमा नक्साले पनि लिपुलेक, कालापानी र लिम्पियाधुरालाई नेपालकै मानेको छ भनिएको छ । त्यो नक्सा नेपालसँग छैन भने ब्रिटिश लाइब्रेरी र म्युजियममा छ भनिन्छ ।




भनाइ मान्दा नेपालको करिब ३७२ बर्ग किलोमिटर भारतमा पर्छ । नेपालको भनाइ मान्दा त्यो क्षेत्रफल नेपालकै हुन्छ ।

सुगौली सन्धीपछि अहिले विवादमा तानिएका यी तिन क्षेत्रमा नेपालकै अधिकार थियो । त्यहाँ बस्नेहरुले आफूलाई नेपाली नै मानेर बसेका थिए । नेपालकै राष्ट्रियता झल्कने प्रमाण र कागजहरु अहिले पनि त्यहाँका जनतासँग छन् । नेपाल सरकारसँग पनि ती क्षेत्र भोग गरेका दस्तावेज छन् ।

त्यसको साथै सुगौली सन्धीताकाको मस्यौदाबाट पनि त्यसका लागि प्रमाण जुट्छ । सन् १८२७ मा प्रकाशित गढवाल कुमाउँ नामक नक्सामा

त्यसैले उद्‍गमस्थलको विवाद सकिने बित्तिकै अहिलेको विवाद सकिन्छ भने सुगौली सन्धीताका सीमान्त खोलाको धारलाई सीमाना मानेर निश्चित सीमा सिद्धान्तका आधारमा सीमाना कायम गर्नुपर्छ । यसो गर्दा नारायणी नदीले धार परिवर्तन गरेर जन्माएको सुस्ताको विवाद लगायत पूर्वका मेची नदी किनार क्षेत्रका सबै विवाद समाधान हुन्छन् ।

त्यसैगरी अन्य स्थानका जमिनी विवाद जंगे पिल्लरलाई वास्तविक सीमाना पिल्लर मानेर दशगजा कायम गर्दै दश गजालाई नोम्यान्सल्याण्ड कायम गरी त्यसको अतिक्रमण जोगाएर अघि बढ्यो भने मात्रै सबै सीमानाका विवाद समाधान हुन्छन् ।

**अहिले के गर्ने ?**

विवाद ७० बर्षदेखिकै हो र यसअघि पनि लिपुलेक, कलापानी र लिम्पियाधुराको सीमाना विवाद भएकै थियो । नेपाली जनता, दल र तीनका भ्रातृ संगठनले पटक पटक भारतले नेपालको भूमि अतिक्रमण गरेको छ भनेर प्रदर्शन र विरोध गर्दै आएका हुन् ।

बारम्बारको विरोध प्रदर्शन र झापाकै धैरै ठाउँकासहित ७० भन्दा बढी ठाउँमा सीमा विवाद भएपछि दुबै देशका प्राविधिक सम्मिलित अध्ययन टोली पनि गठन भएको छ र त्यसले लगभग अध्ययन सकेर प्रतिवेदन बुझाउने अवस्थामा पुगेको छ । त्यहीबेला फेरि त्यही पुरानो कुरा नै विवादको रुपमा उठेपछि अब दुबै देशबीचको लामो समयदेखिको सीमाना विवाद अन्त्य गर्न दुबै देशले कुटनीतिक संवाद शुरु गरिहाल्नु पर्छ ।

पछिल्लो विवादका तीन क्षेत्र र सुस्ता लगायतका अन्य सबै क्षेत्रको विवाद पनि अब गरिने कुटनीतिक छलफलमा आउनुपर्छ । यसका लागि नेपालमा यसअघि नभएको राष्ट्रिय सहमति जुटेको छ भने सरकार पनि दुई तिहाईको स्थायी सरकार पनि छ । सबै राजनीतिक दलले भारतसँग खुट्टा नकमाइकन वार्ता गर्न ओली सरकारलाई जनादेश दिएका छन् । यस्तो अवस्थामा पनि अहिलेको सरकारको नेतृत्व गर्ने दल र तीनका नेताहरुले आफ्ना प्रमाण जुटाएर भारतसँग कुटनीतिक वार्तामा बस्न सकेनन् भने कहिल्यै पनि भारतसँगको सीमा विवाद समाधा हुँदैन ।

आला काँचा कुरा गरेर भारतसँग जोरी खोजेर युद्ध गर्छौं भन्ने र अहिले नै अन्तर्राष्ट्रिय क्षेत्रमा यसलाई उठाउँछौं भनेर भारतलाई धम्की दिने हो भने केही हुनेवाला छैन । यी तीन क्षेत्रका बारेमा नेपालसँग पर्याप्त प्रमाण छन् भनिएको छ । यदि छन् भने विज्ञहरुबाट ती प्रमाणहरुलाई पुष्टि गराएर नेपालले भारतसँग वार्तामा बस्नुपर्छ ।

भारतले पनि आफ्ना प्रमाण पेश गर्न सक्छ । भारतले आफ्नो सेना कालापानी र लिपुलेकबाट हटाउनुपर्छ । आफ्नो नक्साबाट यी तीन क्षेत्र हटाउनुपर्छ । उसका प्रमाणलाई नेपालका प्रमाणले काट्न सक्नुपर्छ । दुबै देशको जबर्जस्तीले समस्या समाधान हुँदैन । भारत पनि यस विवादको निपटाराका लागि वार्ता गर्न तयार छ भनिएको छ । अहिले फलाम तातेको बेला ह्याम्मरले हिर्काउन सक्यो भने मात्रै समस्याले निकास पाउँछ ।

# उदाहरणीय बन्दै एनएमसी



**रत्नबहादुर बस्नेत**

> उनले क्यान्सर जस्तो भयावह रोगको प्रमुख कारक सूर्तिजन्य पदार्थ सूर्ति, खैनी, गुड्खा आदिको सेवन भएको पुष्टि गर्दै यसबाट टाढा रहन सचेत गराएका थिए। हाल झापा क्यान्सर प्रभावित जिल्लामा चौथो नम्बरमा पर्दछ।

गत कात्तिक १८ गते बिर्तामोडमा एक कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सम्बोधन गर्दै पूर्व उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले भने- 'पार्टीको सचिवालय बैठक थियो । मैले प्रधानमन्त्रीसँग सोधे, मेरो एनएमसीकै एक कार्यक्रममा झापा जाने कार्यक्रम छ, के गरौं ? एनएमसीको नाम सुन्नासाथ प्रधानमन्त्रीले भन्नुभयो, तँपाई जानुहोस् । त्यो साह्रै राम्रो संस्था हो । अनि उहाँले यो पनि भन्नुभयो त्यो मेरो मोइ खाने ठाउँ हो । मलाई मोही खुवाउँछ खुवाउँदैन थाहा छैन । तर, मलाई पनि एनएमसीको मोही खान मन छ ।' त्यस्तै सोही कार्यक्रममा बोल्दै वीर अस्पतालका डा. विष्णुदत्त पौडेलले एनएमसीले उत्पादन गरेको मिठाई आफूले चाखेको र जसको मिठासता अन्यत्रभन्दा फरक पाएको अनुभव सुनाएका थिए ।

निश्चय पनि बृहत सभामा बोलेका यी बिशिष्ठ नेता तथा चिकित्सकले केवल प्रशंसाका लागि प्रशंसा मात्र गरेका होइनन् । देशकै ३५ हजार सहकारीहरुमा उत्कृष्ट सहकारीमध्ये एकको रुपमा स्थापित भइसकेको एनएमसी आफूले गरेका उत्कृष्ट कार्य र सेवाको कारण पुरस्कृत र सम्मानित भइसकेको छ । केही समयअघि नेपाल सरकारले सहकारी व्यवसायको माध्यमबाट सदस्यको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा गरेको योगदानको कदर गर्दै दुई लाख रुपैयाँ पुरस्कृत गरेको थियो । जसबाट सहकारी अभियानमा एनएमसीले खेलेको भूमिका र योगदान महत्व स्पष्ट हुन्छ ।

यसैक्रममा नेपाल सरकार र नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी)को सहआयोजनामा भएको सूर्तीजन्य पदार्थको नियमन तथा नियन्त्रण सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागी वक्ताले मुक्तकण्ठले एनएमसीको चर्चा गरेका हुन् । प्रमुख अतिथिका रुपमा रहेका सत्तारुढ दल नेकपाका प्रवक्ता तथा पूर्व उपप्रधान तथा परराष्ट्र मन्त्री श्रेष्ठले सचेतना जगाउने उक्त कार्यक्रमको सहआयोजक संस्थाको बारेमा र सहकारीको महत्वबारे प्रकाश पार्दै भने- देशको विकास र समृद्धिको अभियानमा सहकारी क्षेत्रको ठूलो भूमिका रहने र सो संविधान अनुसार नै तीन खम्बे अर्थनीति मार्फत पूरा गर्नुपर्नेछ । ती सार्वजनिक क्षेत्र, नीजि क्षेत्र र सहकारी क्षेत्र भएको उल्लेख गर्दै स(साना पूर्जी एकीकृत गरेर सहकारी मार्फत आर्थिक र वित्तीय क्षेत्रको विकास नगर्ने हो भने संस्थालाई अगाडि नबढाउने हो भने नेपालको आर्थिक विकास कमजोर भएर जानेछ ।

यो कुरा संविधानमा भएको वा केही साथी मिलेर सहकारी खोलेको कारणले मात्र होइन, यसलाई असल वित्तीय संस्थाको रुपमा सहकारीलाई अर्थनीतिको एउटा खम्बाको वास्तविक रुपमा स्थापित नगर्ने हो भने विकासको प्रक्रिया अवरुद्ध हुने निश्चित छ । उनले भने- त्यसैले साना-साना पुँजीलाई एकीकृत गरेर साना व्यवसायी माझ सहकारी मार्फत लगानी गर्नुपर्छ । लगानी, उत्पादन, रोजगारीमा सबैलाई समान योगदान दिने संस्थाका रुपमा एनएमसी प्रस्तुत भएको छ ।

उनले एनएमसी जस्ता संस्थालाई उदाहरण बनाएर देशव्यापी रुपमा सहकारी आन्दोलनमा अगाडि बढ्न सक्नुपर्छ भन्दै यो संस्था उदाहरण बनेको छ, अझ उत्कृष्ट बन्न सकोस् भन्ने शुभकामना पनि दिए । सोही अवसरमा सहआयोजक संस्थाका अध्यक्ष कार्यक्रमको सभापति रामचन्द्र उप्रेतीले आफ्नो दश मिनेटको मन्तव्यमा आफूले नेतृत्व गरेको संस्थाका नीति, कार्यक्रम तथा सेवा सुविधा, विशेषताका बारेमा चर्चा गर्न भ्याए ।

संस्थापक अध्यक्ष समेत रहेका उनले एनएमसीले मानवीय मूल्य आत्मसाथ गरेको, समुदायमा स्थापित भइसकेको, सामाजिक क्षेत्रमा एनएमसीको संलग्नताका बारे चर्चा गर्दै भने- जसले जन्मदेखि मृत्युपर्यन्त साथ दिने गरेको छ । जन्म हुँदा सुत्केरी उपहार, जीवनको उतरार्धमा पुगेका ज्येष्ठ सदस्यलाई सम्मान गर्ने अनि सदस्य परिवारमा शोक पर्दा समवेदना बोकेर जाने, राहत सुविधा उपलब्ध गराउने, साह्रो गारो पर्दा राहत सुविधा उपलब्ध गराउने भन्दै यी सबै कुरा एनएनसी परिवारका तर्फबाट उपलब्ध साधन स्रोत उपयोग गरेर आफ्ना सदस्य बीच यी अभियान चलाइरहेको जानकारी दिएका थिए । उनले झापा जिल्लाभर कार्य क्षेत्र रहेको ३८ कार्यालयमा सो संस्थामा छ सयभन्दा बढीलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको तथा हजारभन्दा बढी स्वयम्सेवी एवम् अभियान्ताका रुपमा क्रियाशील रहेको र धैरे सदस्यले परोक्ष रुपमा स्वरोजगारी सिर्जना गर्न सफल भएको बताएका थिए । हाल बहुव्यावसायका यसले रुपमा बचत तथा ऋण कारोबार, डेरी व्यवसाय, नमूना कृषि परियोजना र सहकारी पसल सञ्चालन गर्दै अर्बौंको कारोबार गरिरहेको छ ।

सोही अवसरमा सहकारी अभियन्ता कार्यक्रमको संयोजन गरेकी इन्दिरा पन्तको रोचक प्रस्तुति रहेको थियो । उनले रमाइलो ढंगले विद्यार्थीलाई उत्साह थपेकी थिइन् । उनले ५२ विद्यालयका चार हजार विद्यार्थी संस्थाद्वारा सञ्चालित विद्यार्थी बचत कार्यक्रमा जोडिइसकेको बताइन् । उनले सो कुरा भनिरहँदा बिर्तामोड आसपासका १० विद्यालयका विद्यार्थी सहभागी थिए ।

यसअघि कार्यक्रमको मूल विषय थियो सूर्तिजन्य पदार्थको नियन्त्रण सम्बन्धी कार्यशाला गोष्ठी । यस विषयमा वीर अस्पतालका क्यान्सर रोग विशेषज्ञ डा. विष्णुदत्त पौडेलले सहजीकरण गरेका थिए । उनले सूर्तिजन्य पदार्थको सेवनबाट हुने समस्या तथा हानीनोक्सानीबारे जानकारी तथा प्रस्तुति निकै प्रभावकारी र उपयोगी रह्यो सहभागी सबैका लागि । उनले क्यान्सर जस्तो भयावह रोगको प्रमुख कारक सूर्तिजन्य पदार्थ सूर्ति, खैनी, गुड्खा आदिको सेवन भएको पुष्टि गर्दै यसबाट टाढा रहन सचेत गराएका थिए । हाल झापा क्यान्सर प्रभावित जिल्लामा चौथो नम्बरमा पर्दछ । विद्यार्थीदेखि शिक्षक-अभिभावकसम्म, सहकारीका सदस्यदेखि पदाधिकारी, अभियान्ता, सञ्चारकर्मी सबैलाई प्रभावित बनाएको थियो । यसैक्रममा झापाका प्रहरी प्रमुख दिनेशराज मैनालीले लागूऔषध सेवनबाट बच्ने प्रेरक चिठ्ठी वाचन गरेका थिए भने वृत्तचित्र देखाइएको थियो ।

त्यस्तै सूर्तिजन्य पदार्थको नियमन तथा नियन्त्रण सम्बन्धी कानूनी व्यवस्थाबारेको जानकारी नेपाल सरकारका उपसचिव पुस्कर नेपालले गराएका थिए । बुँदागतरुपमा स्पष्ट पार्दै उनले कानूनी व्यवस्था लागू हुन नसकेको र कार्यान्वयनमा कडाइ गरिनुपर्नेमा जोड दिएका थिए । यसमा सबैले औला ठड्याउन सकिने र त्यसमा जिम्मेवार निकायलाई अघि बढ्न आग्रह समेत गरेका थिए ।

विभिन्न क्षेत्रका प्रतिनिधि, जनप्रतिनिधि, सहआयोजक संस्थाका सञ्चालक समितिका डम्बरबहादुर बस्नेत, लेखा सुपरिवेक्षण समितिका अम्बिका ढकाल लगायतको आतिथ्य रहेको कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीले कार्यक्रम सञ्चालन गरेका थिए । उनले संस्थाको परिचयसँगै स्थापनाकालदेखि वर्तमान अवस्थासम्मका संस्थाले गरेको प्रगति उत्साहपूर्वक सुनाएका थिए । उपाध्यक्ष भगवती घिमिरेले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत गरेकी थिइन् । संस्थाले उत्पादन गरेको आइसक्रिम र दूध पदार्थद्वारा निर्मित परिकार खाजाका रुपमा खुवाउँदै समापन भएको कार्यक्रमबाट सहभागी सबै लाभान्वित भएका थिए ।

# दिलबहादुरलाई बचाउन अभियान



**बिर्तामोड, कात्तिक २६।** आर्थिक अवस्था अत्यन्तै कमजोर भई उपचारमा समस्या झेल्दै आएका झापा अर्जुनधारा नगरपालिका-११ सालवारीका दिलबहादुर राईलाई बचाउन अभियान सञ्चालन गरिएको छ।

दिलबहादुर राई बचाउ अभियान समिति निर्माण गरी उनको उपचारमा आर्थिक सहयोग पुर्‍याउने समितिको लक्ष्य रहेको छ। अभियान लागि कम्पस राईको संयोजकत्वमा सोम राई, आशिष राई, हिमत राई र सागर राई सदस्य रहेको समिति निर्माण गरेको दिलबहादुरकी श्रीमती शोभा राईले जानकारी दिइन्।

२०७२ जेठमा नोबेल हस्पिटल विराटनगरमा परिक्षण गर्दा दुवै मृगौला खराव भएपछि चिकित्सकको सल्लाह अनुसार उनले 'डायोलाइसिस' गराउँदै आएका छन्। एक पटक डायोलाइसिस गराउँदा एक हजार पाँच सय रुपैयाँ लाग्ने गरेको बताउँदै उनले भने- 'हप्तामा दुई पटक डायोलाइसिस गर्नुपर्ने हुन्छ। एक पटक डायोलाइसिस गर्न पनि म सँग पैसा छैन।'

डायोलाइसिस समेत गर्न नसकेका उनलाई उपचारमा सहयोग पुर्‍याउने उद्देश्यले समिति निर्माण गरिएको हो। आर्थिक सहयोगका लागि एनएमबी बैंकको बिर्तामोडमा रहेको दिलबहादुर राई नामको ०२८२१५००६२०५४००००००१ नम्वरको खाता समेत जम्मा गर्न सकिने भाइ राजेशले बताए।

४६ बर्षीय राईका श्रीमती र एक छोरा रहेका छन्। तीन बर्षअघि पेटको आन्द्राको समेत शल्यक्रिया गरेको बताउँदै उनले भने- 'अहिले पनि खाना बढी खायो भने पेट दुख्छ।' उनको आँखा पनि कमजोर छ। काठमाडौंको भक्तपुरमा रहेको मृगोला प्रत्यारोपण हस्पिटलले ३० देखि ३५ लाख खर्च लाग्ने बताएपछि उनी अहिले उपचारका लागि आर्थिक संकलनमा जुटेका छन्। श्रीमती शोभाले श्रीमान्को जीवन बचाईदिन सबैमा अनुरोध गरेकी छिन्।

# इलाममा फाल्गुनन्दको जन्मजयन्ती मनाइयो

□ गणेश अर्याल

**इलाम, कात्तिक २६।** राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको १३५औं जन्मजयन्ती इलाममा विविध कार्यक्रमका साथ मनाइएको छ।

किरात धर्मको प्रवर्द्धनसँगै समाजिक विभेदविरूद्ध फाल्गुनन्दले पुर्‍याएको योगदानको कदरस्वरूप इलामका विभिन्न स्थानमा उनको सम्झनामा कार्यक्रम आयोजना गरिएको हो। जन्मजयन्तीको अवसरमा इलामको फाकफोकथुमको रुपाटार, फूएतप्पा, माङसेबुङको लारुम्वा, सन्दकपुरको जमुना, माबु, माइनगरपालिका, पाँचथरको लव्रेकुटी, मिक्लाजुङ लगायत क्षेत्रमा विविध धार्मिक, सांस्कृतिक, खेलकुद लगायतका कार्यक्रम आयोजना गरिएको हो।

१० बर्षअघि वि.सं. २०६६ साल मंसिर १६ गते सरकारले महागुरु फाल्गुनन्दलाई राष्ट्रिय विभूति घोषणा गरेको हो। महागुरु फल्गुनन्दले सांस्कृतिक रुपमा प्रयोग गरिने मदिरा, बलिप्रथा, महिला विभेद र जातीय विभेदकाविरुद्ध राणा शासनकालमा नै अभियान शरु गरेको र त्यसको सान्दर्भिकता अहिले प्रष्ट भएको सिद्ध किरात हाङ्सास युमा माङहिमका अध्यक्ष पञ्च योङहाङ बताउँछन्। 'महागुरुको दर्शनले कुनै एक समुदाय र जातिको मात्र हितको कुरा उठाएको छैन' - अध्यक्ष योङहाङले भन्छन्- 'उहाँको दर्शन र सन्देशले सवै मानवजातिको हित र उत्थानको परिकल्पना गरेको छ।'

फाकफोकथुम गाउँपालिकास्थित रुपाटारमा महागुरु फाल्गुन्दले प्रतिपादन गरेको धर्म अनुसार मन्दिर समेत निर्माण गरिएको छ। यस क्षेत्रलाई धार्मिक पर्यटन केन्द्रकोरुपमा विकास गर्ने उद्देश्यले काम भइरहेको बताइएको छ।

त्यस्तै लारुम्बा लगायत विभिन्न क्षेत्रमा पनि धार्मिक स्थल निर्माण गर्ने काम भइरहेको छ। धार्मिक क्षेत्रको विकासलाई सरकारले प्राथमिकतामा राखेर योजनाबद्ध ढंगले काम अघि बढाएको फाकफोकथुमको रुपाटारमा भएको कार्यक्रममा प्रदेश सभासद धिरेन्द्र शर्मा (रमण)ले बताए। उनले यस क्षेत्रको विकास र समृद्धिका लागि प्रदेश सरकारले सहयोग जारी राख्ने विचार व्यक्त गरे।

कार्यक्रममा गाउँपालिका अध्यक्ष रामकुमार श्रेष्ठले धार्मिक तथा पर्यटन क्षेत्रको विकासका लागि गाउँपालिकाले पर्याप्त बजेटको व्यवस्थापन गर्ने बताए। उनले महागुरुको जस्तै विकृति र विसंगति छाडेर सामाजिक काममा लाग्न पनि आग्रह समेत गरेका छन्। त्यस्तै गाउँपालिकाकी उपाध्यक्ष सरस्वती राई (सरु)ले फाकफोकथुम गाउँपालिकाले विद्यालय, संघ-संस्था र सार्वजनिक स्थलको २०० मिटर वरिपरि क्यारामबोर्ड, जुवातास र मदिराजन्य पदार्थको बिक्रीवितरणमा रोक लगाइएको जानकारी गराइन्। अहिले युवामा विकृति र विसंगति देखिँदै गएकाले युवालाई सही बाटोमा डोर्‍याउन गाउँपालिकाले यस्तो निर्णय गरेको उनको भनाई छ।

कार्यक्रममा सहभागीले महागुरु फाल्गुनन्दको जन्मजयन्तीको अवसरमा राज्यले विदा नदिएकोमा दुखेसो पोखे। इलामका माईनगरपालिका, माङसेवुङ र फाकफोकथुम



गाउँपालिकाले मात्र सार्वजनिक विदा दिएका छन्।

इलामको इभाङस्थित चुक्चिनाम्बामा वि.सं. १९४२ सालमा जन्मिएका फाल्गुनन्दले सात वर्षको उमेरदेखि नै ज्ञान प्राप्त गरेर समाज सुधारमा लागेको किरात धर्मालम्बीहरुको विश्वास छ। भारतीय सेनामा समेत काम गरेका फाल्गुनन्द फर्केर धर्म प्रचारमा लागेको इतिहास छ।

महागुरु फाल्गुनन्दले पाँचथरको लब्रे र सिलौटी, ताप्लेजुङको कावेली, निगुरादिन, कुम्भकर्ण, इलामको जितपुरलगायत स्थानमा किरात मन्दिर बनाएका थिए। समाज सुधारकसँगै किरात धर्मालम्बीहरु धर्मगुरुलाई दैवीशक्ति प्राप्त व्यक्तिको रुपमा सम्झन्छन्। धर्मगुरुको सम्मान र स्मृतिमा किरात बाहुल्य क्षेत्रमा मन्दिर निर्माण गरेर सामाजिक सुधार र धार्मिक बाटोमा हिँड्नेहरुको संख्या बढ्दो छ।

# श्रद्धा कृषि सहकारी संस्थाको ११औं सभा

**अर्जुनधारा, कात्तिक २६।** झापाको अर्जुनधारा-८ मा रहेको श्रद्धा कृषि सहकारी संस्था लिमिटेडको ११औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

संस्था सञ्चालक समितिका अध्यक्ष प्रेमसागर सापकोटाको अध्यक्षता र संस्थाका ज्येष्ठ शेयर सदस्य तोरणप्रसाद दाहालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत मन्तव्य सदस्य देवीप्रसाद पाठकले गरेका थिए।

त्यसैगरी कार्यक्रममा संस्थाको वार्षिक प्रगति प्रतिवेदन अध्यक्ष सापकोटाले र आन्तरिक लेखा समितिको प्रतिवेदन समितिका संयोजक केदारनाथ पोखरेलले प्रस्तुत गरेका थिए। जम्मा चुक्ता शेयर पुँजी ७२ लाख नौ हजार आठ सय रुपैयाँ रहेको संस्थाको गत आर्थिक वर्ष २०७५/०७६ को जम्मा आम्दानी ३३ लाख १४ हजार तीस रुपैयाँ ६० पैसा, जम्मा खर्च २६ लाख १० हजार आठ सय ७० रुपैयाँ ८५ पैसा र सञ्चालन नाफा सात लाख तीन हजार एक सय ५९ रुपैयाँ ७५ पैसा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ।

कार्यक्रममा असल ऋणि सरस्वती चौधरी, असल बचतकर्ता कृष्णमाया सुवेदी, असल कृषक दीपेन्द्र आचार्य, शेयर सदस्यहरुका सन्तानहरु मध्ये गत वर्ष २०७५ को एसईई परीक्षामा उत्कृष्ट हुने सामुदायिकतर्फ जीतेन्द्र तामाङ र संस्थागततर्फ अस्मिता पोखरेललाई सम्मान गरिएको थियो।

कार्यक्रममा प्रदेश नम्बर १ का सांसद् वृख प्रधान, नगर सहकारी संघ समन्वय समितिका सचिव कृष्णप्रसाद चापागाईं, ऋद्धीसिद्धी महिला कृषि सहकारी संस्थाकी अध्यक्ष कुसुम राई, कालिका बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कर्णबहादुर तामाङ, लालीगुँरास महिला कृषि सहकारी संस्थाकी अध्यक्ष मेनुका पौड्याल, शनिश्चरे साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष भैरवबहादुर खड्का, संस्थाका संस्थापक व्यवस्थापक लक्ष्मीप्रसाद मिश्र लगायतको आतिथ्य रहेको थियो।

कार्यक्रमको सञ्चालन समितिका सचिव छविलाल शिवाकोटीले गरेका थिए। सोही सभाले आगामी चार वर्षे कार्यकालको लागि पुनः प्रेमसागर सापकोटाको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति चयन गरेको छ। नवगठित समितिको उपाध्यक्षमा छविलाल शिवाकोटी, सचिवमा कृष्णप्रसाद चापागाईं, सहसचिवमा युवराज नेपाल र कोषाध्यक्षमा माया कार्की चयन भएका छन्। त्यस्तै सदस्यहरुमा कुमारी भण्डारी, खगेन्द्र इङनाम, नरेश खाती, यशोदा पोखरेल, सीता कँडेल परियार र हेमबहादुर कार्की चयन भएका छन्।

त्यसैगरी रुद्रबहादुर न्यौपाने संयोजकत्वमा कुमार मिश्र र पूष्पलाल अधिकारी सदस्य रहेको तीन सदस्यीय लेखा समिति गठन गरिएको छ। त्यस्तै संस्थाको तीन सदस्यीय सल्लाहकार समितिको संयोजकमा पदमकुमार सुब्बा, सहसंयोजकमा कृष्णकुमार भट्टराई र सदस्यमा नरेन्द्रबहादुर राई चयन भएका छन्।


वाथ एक अटो इम्युन रोग हो।
समयमा उपचार गर्नाले वाथ रोग नियन्त्रण गर्न सकिन्छ।
वाथका लक्षणहरू:
जानकारीको लागि सर्म्पक नं:- ९८११३३५६२४

१) साना तथा ठूला जोर्नीहरु दुख्ने, सुनिने, कक्रक पर्ने।
२) आरामको समयमा ढाड र जोर्नी बढी दुख्ने।
३) विहानको समयमा शरीर अरक्क हुने।
४) मांसपेशीहरु दुख्ने, गल्ने।
५) थकाई बढी लाग्ने।
६) बारम्बार गर्भधारणमा समस्या आउने।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने।
८) कपाल बढि झर्ने।
९) मुख भित्र बारम्बार घाउ आउने।
१०) चिसोमा औंलाहरु निलो, सेतो हुने।
११) बारम्बार घाउहरु आइरहने।
१२) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने।
१३) कुर्कुच्चा पोल्ने, दुख्ने।
१४) मांसपेशी कमजोर हुने।
१५) खकारमा रगत देखा पर्ने।
१६) लामो समयसम्म ज्वरो आउने।
१७) आँखा बारम्बार रातो हुने।

वरिष्ठ वाथ रोग विशेषज्ञ डा.अभिलाशा शाह
MBBS,MD (Internal medicine)
Fellowship in Reheumetology & Clinical Immunology (New Delhi India)
यस पटक यही मसिर ६ र ७ गते शुक्रबार र शनिबार नर्भिक हस्पिटल काठमाण्डौबाट आउँदै हुनुहुन्छ अग्रीम नाम दर्ता गर्नुहोस्
कन्काई हस्पिटल प्रा.लि.
KANKAI HOSPITAL PVT.LTD
बिर्तामोड, झापा फोन नं. :०२३-५४३८०७
"विशेषज्ञ सेवा हाम्रो प्रतिवद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा"



कोरियन भाषा
한국어
にほんご
हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट।
AC युक्त Waiting Hall, Exam Hall भएको।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने।
Course Book तथा शिक्षण सामाग्री नि: शुल्क वितरण गरिने।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने।
टाँढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399



झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३०, ८:३०, ९:१५, १०:१५, ११:१५, १२:१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई



पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ
(हल ए) नेपाली सिनेमा
पहिलो शो ११:४५ घामड शेरे
दोस्रो शो २:४५ घामड शेरे
तेस्रो शो ६:४५ घामड शेरे
(हल बी) हिन्दी सिनेमा
पहिलो शो ११:४५ बाला
दोस्रो शो २:४५ बाला
तेस्रो शो ६:४५ बाला
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।
फोन नं. ०२३-५४६४३६



हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



## वर्गीकृत विज्ञापन

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।
सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला।
फोनः ९८४२६५४४००
९८०४९५४४००

जग्गा बिक्रीमा
बिर्तामोड बसपार्कबाट १ किलोमिटरमा ३२ फुटे बाटोबाट एक भिट्टाभित्र २० फुटे बाटोले छोएको २, १/२ (अढाई) कठ्ठा अत्यन्त सस्तो मूल्यमा बिक्रीमा छ इच्छुकले तु-सम्पर्क गर्नुहोला।
सम्पर्कः ९८१८१७१९१२

आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

आवश्यकता
शिक्षक : २ जना
(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)
कुक : १ जना वेटर : ५ जना
लेखापाल : १ जना (अनुभवी)
पिनाकल जब्स केयर सर्भिस, बिर्तामोड, झापा
९८१४९०४७६४, ०२३-५४४६६०

पसल बिक्रीमा
बिर्तामोडको सैनिकमोडस्थित एक चालू अवस्थाको होटल तु-बिक्रीमा छ। इच्छुकले चाडो सम्पर्क गर्नु होला।
सम्पर्कः ९८७४९३४८३४,
९८०६०३३१५३, ९८२३७५८५७०

कर्मचारी आवश्यकता
कुक : ४ जना वेटर : ५ जना
घरमा काम गर्ने : ५ जना
(महिला, फिदिम, इलाम, काठमाडौंका लागि)
मार्केटिङ मेनेजर : १ जना
(वाइक र लाइसेन्स भएको बिर्तामोडबासी हुनुपर्नेछ)
किचन हेल्पर : २ जना (इलामको लागि)
वेटर : ३ जना (महिला बिर्तामोडको लागि)
सेल्समेन : २ जना (काममा अनुभव भएको)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

छापाखाना
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि
स्टाम (छाप)
अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट
फ्लेक्स प्रिन्ट
होर्डिङ बोर्ड
लेमिनेशन
डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा

जग्गा बिक्रीमा
अटोल्याण्ड बुट्टाबारीमा अत्यन्त सस्तो मूल्यमा प्लानिङ्ग गर्न नपर्ने छ कठ्ठा जग्गा बिक्रीमा छ। इच्छुकले तु-सम्पर्क गर्नुहोला।
सम्पर्कः ९८१८१७१९१२

पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनत परे पनि भाग्यले साथ दिने हुँदा काममा सफलता मिल्नेछ। चुनौति र व्यवधानहरू पार लाग्नेछन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मेहनत गर्दा लक्ष्य प्राप्त गर्न सकिनेछ। सामाजिक काममा रुचि बढ्नेछ। शुभचिन्तकहरूले भने राम्रै सहयोग जुटाउनेछन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** फाइदाका स्रोत पहिचान गर्न सकिनेछ। अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइने समय छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। परिबन्धले चुनौति निम्त्याउन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** ठूलो भागको आशा राख्दा भएको वस्तु समेत गुम्न सक्छ। अरूका विषयमा चासो लिंदा व्यर्थैमा झमेला व्यहोर्नुपर्ला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा विशेष ध्यान पुर्‍याउनुहोला। केही उपलब्धिका स्रोत भने पहिल्याउन सकिनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** सुन्दर पहिरनले व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मेहनतले नाम, दाम र इनाम दिलाउनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। व्यापारमा राम्रो फाइदा हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुनेछ। परिस्थिति र अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला।


**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** नयाँ योजनातर्फ अग्रसर भइनेछ। अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पहिले इर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। चुनौति चिर्दै काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ।

# सीमा अतिक्रमणविरुद्ध विद्यार्थी सडकमा



**झापा, कात्तिक २६।** भारतले हालै सार्वजनिक गरेको नक्सामा नेपालका धेरै भागलाई भारतीय भूमिमा पारेको विरोधमा शुरुदेखि नै आन्दलोनरत् नेपाल विद्यार्थी संघ झापाले काँकरभिट्टामा प्रदर्शन गरेको छ ।

नेपाल विद्यार्थी संघ जिल्ला समिति झापाको नेतृत्वमा जिल्लका विभिन्न क्याम्पसमा अध्ययनरत नेपाल विद्यार्थी संघ समर्थक भेला भएका नेपाल विद्यार्थीहरुले प्रदर्शन गर्नुका साथै चर्को नारवाजी गरेका थिए ।

मेचीनगर- ६ स्थित पञ्चमुखी हनुमान मन्दिर परिसरबाट शुरु भएको र्‍यालीले काँकरभिट्टा बजारको परिक्रमासहित नेपाल भारत छुट्याउने मेची पुलमा पुगेर विरोध सभामा परिणत भएको थियो । भारतीय विस्तारवाद मुर्दावाद, नालापानीका लागि पूर्खा लडे कालापानीका लागि हामी लड्ने, विदेशी हस्तक्षेप बन्द गर लगायतका नाराबाजी गरेका थिए । मेचीपुलमा सम्पन्न विरोध सभामा बोल्दै विद्यार्थी नेताहरुले भारतीय नक्सामा परेको नेपाली भू-भाग फिर्ता गर्न माग गरेका थिए ।

विद्यार्थी नेताहरुले भारतले नक्सा सच्याउनुपर्ने मागसहित कालापानी, लिपुलेक तथा लिम्पियाधुरा लगायतका क्षेत्र नेपाली भू-भाग परेकाले भारतको नयाँ नक्सा नेपालीले स्वीकार नगर्ने बताए । नेपाली भू-भाग समेटेर भारतले नयाँ नक्सा जारी गरेपछि नेपाल विद्यार्थी संघ भारतको विरोधमा उत्रिएको छ ।

भारतले एकपक्षीय ढंगबाट तयार गरेको कुनै पनि निर्णय नेपाली जनतालाई मान्य नहुने स्पष्ट पारेका थिए । उनीहरुले मेचीपुलमा पुगेरै भारतको थिचोमिचो सहेर नबस्ने चेतावनी दिएका थिए । विरोध सभालाई नेपाल विद्यार्थी संघका झापा सभापति राजेन्द्र उप्रेती लगायतले सम्बोधन गरेका थिए ।

त्यसैगरी भारतले नेपाली भू-भागलाई आफ्नो नक्सामा समावेश गरेको विरोधमा मेची बहुमुखी क्याम्पस भद्रपुरका विद्यार्थीले हस्ताक्षर संलकन अभियान शुरु गरेका छन् ।

सतारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकटका विद्यार्थी संगठन अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी) क्याम्पस इकाई समितिको संयुक्त आयोजनामा हस्ताक्षर संकलन अभियान शुरु गरेको हो । भारतीय विस्तारबादविरुद्ध पहिलो चरणको कार्यक्रम अन्तर्गत हस्ताक्षर संकलन अभियान थालिएको अनेरास्ववियु इकाई समितिका अध्यक्ष अशोक खतिवडाले जानकारी दिए ।

क्याम्पस परिसरमा आयोजित हस्ताक्षर संकलन कार्यक्रममा क्याम्पस प्रमुख कमलप्रसाद गुरागाईले हस्ताक्षर गरी अभियान शुरु गरेका थिए । उक्त हस्ताक्षर कार्यक्रममा बिहान र दिउँसो गरी दुई सिफ्टका विद्यार्थी एक हजारभन्दा बढीले हस्ताक्षर गरेको अध्यक्ष खतिवडाले बताए । भारतले भर्खरै जारी गरेको नयाँ नक्साभित्र नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा समावेश गरेको भन्दै झापासहित देशभरका विद्यार्थी आन्दोलित बनेका छन् ।

अनेरास्ववियु इकाई समितिका अध्यक्ष खतिवडाको अध्यक्षता तथा क्याम्पस प्रमुख गुरागाँईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अनेरास्ववियु क्रान्तिकारीका जिल्ला उपाध्यक्ष सरस्वती चौलागाई लगायतले बोलेका थिए । त्यसैगरी विद्यार्थी संगठनद्वयले क्याम्पस परिसरमा सरसफाई कार्यक्रम समेत गरेको बताइएको छ ।

# फाल्गुनन्दले दिएको उपदेशको अनुशरण गर्नुपर्नेमा जोड



**झापा, कात्तिक २६।** माई नगरपालिका वडा नम्वर ४ मा अवस्थित किरातेश्वर फाल्गुनन्द माङहिममा महागुरु फाल्गुनन्दको जन्म जयन्ती मनाइएको छ ।

महागुरु फाल्गुनन्दको १३५औं जन्मजयन्तीको अवसरमा आयोजित कार्यक्रमको उद्घाटन माई नगरपालिकाका नगर प्रमुख दिपककुमार थेवेले गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि समेत रहेको थेवेले किरात महागुरु फाल्गुनन्दले सत्य धर्म मुचुल्का तयार नपारिदिएको भए मानव बस्तीमा शान्ति नहुने बताए । उनले हिंसाको बाटो नै काटमार भएको हुनाले गुरु फाल्गुनन्दले किरात भूमिमा हत्याहिंसा त्याग्न र मद्यपान र धुम्रपानलाई अन्त्य गर्न चालेको कदम मानव सभ्यताको लागि अचुक उपाय भएको बताए ।

त्यस्तै कार्यक्रममा आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) प्रदेश नं. १ का इञ्चार्ज दिपीन राईले मुन्धुमको प्रणेता महागुरु फाल्गुनन्दले विश्व शान्ति, भाइचारा एकतालाई पालना गर्न दिएको उपदेश सन्देश वश्वकै उत्कृष्ट वाणी भएको र त्यसको सबैले अनुशरण गर्नुपर्ने बताए ।

त्यस्तै भगिहाङ नेम्वाङले महागुरु फाल्गुनन्द समाज सुधारकसँगै उनका वाणी दार्शनिक भएको हुँदा विश्व महागुरु फाल्गुनन्दले उठाएको वाणीमा केन्द्रीत हुने दिन आएको बताए ।

माङहिम अध्यक्ष चन्द्रकुमार फागोको अध्यक्षतामा भएको कार्यक्रममा यायोक्खाका राम राई, मगर संघका ज्ञानबहादुर गुर्बाछाने, चुम्लुङका बालकृष्ण लिम्बू, छत्रबीर केरुङ, भिमकुमार लावती, नेत्रप्रसाद गौतम, टुकेन्द्र एक्तेन, धनबहादुर चोङबाङ, नालिफुवाका गंगा लिङ्देन, किरात धर्म गुरु आर्थिक विभाग केन्द्रीय सदस्य टंक मगर, किरात धर्मका आइन्द्रकुमार शेर्मा, ठगबहादुर फागो, गम्भीर तामाङ लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बसन्त शेर्माले सञ्चालन गरेको कार्यक्रममा स्वागत प्रेमबहादुर योङहाङले गरेका थिए । कार्यक्रममा केलाङ माङलाङ र शिव पोखरीका कलाकारहरुले सांगीतिक प्रस्तुति दिएका थिए ।

## चाँदीसहित भुटानी नागरिक पक्राउ

**झापा, कात्तिक २६।** नेपाल प्रहरीले दुई किलोग्राम चाँदीसहित भुटानी नागरिकलाई पक्राउ गरेको छ । महानगरीय प्रहरी विमानस्थल सुरक्षा कार्यालयको प्रहरी टोलीले ड्रुक एयरको उडान मार्फत भुटान जान लागेको अवस्थामा राहदानी नम्बर जी १२८९३२ बाहक भुटानी नागरिक ५१ वर्षीय गारव दोर्जेलाई सोमबार पक्राउ गरेको हो ।

महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक श्यामलाल ज्ञवालीले विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान 'होल्ड ब्यागेज' जाँच गर्ने क्रममा उनको साथमा रहेको ब्यागबाट ९९९ लेखिएको बिस्कुट आकारमा १४ वटा टुक्रा चाँदी फेला पारिएको जानकारी दिए ।

प्रवक्ता ज्ञवालीले अवैध रुपमा भन्सार छलेर चाँदी विदेश लैजान लागेको अवस्थामा पक्राउ गरिएको बताए । पक्राउ परेका भुटानी नागरिकलाई बरामद गरिएको चाँदीसहित आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय पठाइएको विमानस्थल सुरक्षा कार्यालयले जनाएको छ ।


## सवारी दुर्घटनामा एकको मृत्यु

**सुनसरी, कात्तिक २६।** सुनसरीको कोशी गाउँपालिका-४ मा भएको सवारी दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको स १ भ्र २६८ नम्बरको गाडीले विपरीत दिशाबाट आउँदै गरेको को ३० प ५३०१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा घाइते भएका मोटरसाइकलको पछाडि सवार रहेका पृथ्वीनगर नगरपालिका-४ का २९ बर्षीय दिपेश मुखिया सुनुवारको जिल्ला अस्पताल इनरुवामा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक दमक नगरपालिका-१० का ३० बर्षीय योगेसकुमार धिमालको बिराट नर्सिङहोममा उपचार भइरहेको छ । दुर्घटना भएका दुबै सवारीसाधन र स १ भ्र २६८ नम्बरका गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

# फाइनल टु फिनिसको युद्धमा बाँचेका योद्धा



**विमल लामिछाने**

'बन्दुकको दोहोरी चलिरहेको थियो, कानै छेड्ने गरी गोलीका छर्राहरु ओहोर दोहोर गरिरहेका थिए, आकाशमा बिजुली चम्के भन्दा पनि छिटो-छिटो । त्यो परिवर्तन र मुक्तिका लागि साहसी आवाजमा कमाण्डरले कमाण्ड, कन्ट्रोल र कम्युनिकेशनको सुत्रमा फाइनल टु फिनिसको शासन चलाइरहेको आवाज मेरो कानमा झल्झली आइरहन्छ, जुन दिन मेरो कर्म रेखा कोर्दै गरेको दाहिने हात नै गुमाएर भए पनि 'फाइनल टु फिनिस'को युद्धबाट बाँचेको थिएँ । त्यही दिनले अहिले पनि सपना र विपनामा समेत झसंग बनाइरहन्छ । कहिल्यै नर्बिसने गरी जरा गाडेर बसेका छन् ती कहालीलाग्दा दिनहरु ।' मुलुक परिवर्तनको यात्रामा लामबद्ध हुँदाका अविश्मरणीय क्षणहरु यसरी सम्झन्छन् पूर्व जनमुक्ति सेनाका कमाण्डर, मुक्ति योद्धा खड्गबहादुर कन्दङ्वा (क.रोशन) ।

तेह्रथुम आठराई छातेढुंगा-६ बस्ती होडामा २०३५ साल चैत १३ गते बुबा जयबहादुर कन्दङ्वा र आमा धनमाया कन्दङ्वाको कान्छो छोराका रुपमा जन्मिएका खड्गबहादुर कन्दङ्वा (रोसन) सानैदेखि विद्रोही स्वभावका थिए । छर छिमेकी, काका र दाजुहरुले समातेको बामपन्थी विचारधारा नै उनका लागि पनि आस्थाको मार्गचित्र बन्यो । तेह्रथुम आठराई छातेढुंगा पोखरी माविमा कक्षा दशसम्मको अध्ययन गरेका उनी विद्यार्थी जीवनबाट नै राजनीतिमा प्रवेश गरेका हुन् । माओवादीले सञ्चालन गरेको जनयुद्धमा लाग्ने प्रेरणा पनि उनले दाजुहरुबाटै पाएका हुन् । आठ जनाको परिवारमा पाँच जना होलटाइमर कार्यकर्ताको रुपमा रहेर लामो अवधि पार्टीको योजनामा काम गरेको उनले बताए । अहिले पनि परिवारका धेरै सदस्य पार्टीमा संगठित हुनुहुन्छ । स्व. कमरेड गौरीशंकर खड्काको सम्पर्कमा २०५५ सालबाट माओवादी पार्टीमा प्रवेश गरेका उनले विभिन्न जनवर्गीय संगठन, जनमुक्ति सेना हुँदै तेह्रथुम जिल्ला कमिटि सचिवालय सदस्य समेत भएर जिम्मेवारी सम्हाली सकेका छन् ।

**फौजी आक्रमणमा पस्दा :**

आधार इलाका रक्षक जनमिलिसिया हुँदै २०५८ सालमा जनमुक्ति सेनामा प्रवेश गरेका क.रोशनले संखुवासभाको मांसिमा भन्ने स्थानमा पार्टी योजना अनुसार नै चलाइएको जनमुक्ति सेना स्पेसल तालिम पाएका हुन् । जनमिलिसिया प्लाटुन बनाएर ४९ जनाको एस टि एफबाट छानिएपछि प्लाटुन र कम्पनीमा आवद्ध भएर जिम्मेवारी सम्हाल्दै अघि बढेको उनले बताए । पार्टीको योजना अनुसार नै तेह्रथुमको फेदाप फोक्लाबुङ चौकी आक्रमणमा उनी पहिलो फौजी कारवाहीमा सामेल भएका थिए । २०५८ साल मंसिर १० गते सोलुखुम्बुको सल्लेरी आक्रमण, २०५८ साल माघ १० गते पाँचथरको गोपेटार आक्रमण, भोजपुरको घोडेटार लगायतका सैन्य आक्रमण र दर्जनौ मोर्चामा उनको सहभागिता रहेको छ ।

**लडाईको अनुभव :**

जनयुद्ध परिवर्तनका लागि हो भनिन्थ्यो, वर्गीय मुक्ति वा मृत्यु नारा नै थियो । विचारको लडाई लड्दा निराशा कहिल्यै आउँदो रहेन छ- भन्छन् उनी । जब लडाई लड्न तयार भइन्थ्यो उत्साह बढेर आउँथ्यो, हारिएला भन्ने कहिल्यै लागेन । जीत नै जीतमात्र देखिन्थ्यो । मनोवल उच्च राखेर लडियो, सहयोद्धाको हार्दिकता र सहयोगी भावनामा कहिल्यै कमी आएको महशुस भएन -उनले भने । प्रविधिको हिसावले थ्री नट थ्री राइफल लिएर लड्दा होस् या ग्रिनेट र गोलासँग तर निरासा कहिल्यै आएन । सिद्धान्त र विचार स्पष्ट भए लडाई लड्न कसैको तागतले नछेक्ने उनको बुझाइ छ । उनी भन्छन्- 'लडाईको बेला कमाण्ड नै मुख्य कुरा हुन्थ्यो । छलफल बहसपछि बनाएको योजना प्राय सफल भएरै छाड्थ्यो । भावनात्मकभन्दा पनि वर्गीय एकताको बलमा मात्रै जनयुद्ध सम्पन्न भएको हो ।'

**अविश्मरणीय क्षण :**

मान्छेको जीवनमा केही यस्ता अविश्मरणीय क्षण हुन्छन्, जो बिर्सन चाहेर पनि बिर्सन सकिन्न । त्यस्तै अविश्मरणीय बनेको छ खड्गबहादुर कन्दङ्वाको जीवनभरि दोहोरिएर आइरहने गोपेटार कारवाही र लगतै चार दिनपछिको बगाले घटना । इतिहासमा अरु सबैकुरा बिर्सन सक्छु होला, तर गोपेटार र बगाले घटना कहिल्यै बिर्सन सक्दिनँ -उनले भने । नेपाली वर्गसंघर्ष र जनयुद्धको अवधिमा भएको पूर्वकै चर्चित काण्ड मध्यको एक हो पाँचथरको गोपेटार काण्ड । जहाँ एउटै सेल्टरमा २० जना जनमुक्ति सेनाले ज्यान गुमाउनु परेको थियो भने दर्जन बढी घाइते र अपाङ्गता भएका छन् । त्यो घटनको स्मरण यसरी गर्छन् खड्गबहादुर कन्दङ्वा (रोशन)- 'घोडेटार लडाई नै मेरो मष्तिस्कमा आइरहने घटना हो, जहाँ मैले जीवन बदल्ने हात गुमाउनु परेको थियो । सो घटनामा म लगायत धेरै साथीहरु घाइते भएपछि हामीलाई रातभर बोकेर तेह्रथुम आठराईको संक्रान्ति बगाले भन्ने ठाउँमा पुऱ्याइएको थियो । त्यहाँ एकजना पासाङ शेर्पाको घरमा सेल्टर लिएर दिनभर बसियो ।

बेलुका ५ बजेको कुरा हो हामी बसेको सेल्टरमा सेनाले घेरा हालीसकेको रहेछ, एकैचोटी चारैतिरबाट गोलीको वर्षा गरायो । गोली चलेपछि हामी चिलविल भयौं । हामी कतिपय त भाग्नपनि नसक्ने अवस्थामा थियौं । जो कि त्यो घाइतेहरुकै सेल्टर थियो, कतिलाई सुतेकै ठाउँमा गोली हान्यो, त्यही सेल्टरमा एकै ठाउँमा २० जनाको हत्या भयो । धेरै साथीहरु आँखा अगाडि नै पुक्लुक-पुक्लुक ढलेको देख्दा मन विक्षिप्त हुन्थ्यो । कतिपय साथीहरुको आँखा फुत्त-फुत्त बाहिर निस्कदै गरेका देखिन्थे भने कतिपयका गिदी नै छरपस्ट भएका थिए, कसैको छात्तीमै गोली लाग्यो त कसैको आन्द्राभुँडी नै छरपष्ट भएको थियो । कसैको खुट्टा त कसैको हात चुडिँदै गरेको देखिन्थ्यो, भलभल रगत बगिरहेका सहयोद्धाहरु पुक्लुक-पुक्लुक लडेको देखिन्थ्यो । बढो दर्दनाक र अकल्पनीय घटना भएको थियो -उनी सम्झन्छन् र भक्कान्छिन् । म सँगै सुतेको अर्को साथी खड्गी शेर्पा ऐया भन्न नपाइकन लडे, त्यही सेल्टरमा मेरी आफ्नै बहिनी शुसिला कन्दङ्वाले एउटा हात गुमाइन्, म भने किचनको गाग्री राख्नेमुनी लुकेर जोगिएको थिएँ । ( चार दिनअघिको फौजी कारवाहीमा भिड्ने क्रममा मेरो हात गुमिसकेको घाइते थिएँ म), अन्त्यमा भाग्नुको कुनै विकल्प पनि थिएन, किचनको झ्यालबाट हामफाल्दा गाईको घाँस खानेमा पुग्न सकेँ र भित्ताको आड लिएर घिस्रिँदै र पल्टिँदै अलैंचीबारीभित्रको खोल्सीमा पुगेछु । खोल्सी-खोल्सी भाग्दै खोलामा पुगेँ, होस उडिसकेको थियो, बिहान थाहा पाउँदा एउटा ढुंगाको आडमा त्यो रात बिताएछु । रक्ताम्य शरीर थियो मेरो, पाती र ठाडे उन्यूका मुण्टाले घाउ छोप्तै हिँडे । भोलिपल्ट खोला तरेर ताप्लेजुङको हाङपाङ गाउँको एक घरमा गएर बसेँ, त्यो घटना मेरोलागि अहिलेसम्म अविश्मरणीय बन्यो ।' -भक्कानिँदै उनले भने ।



**खड्गबहादुर कन्दङ्वा (क.रोशन)**

**डर र त्रासभित्रै उपचार :**

तत्काल उपचार गर्न जाने अवस्थापनि थिएन, डर र त्रासकै बीचमा उपचार विधि अपनाउन पर्ने बाध्यता पनि थियो -उनले भने, करिब दशदिन ताप्लेजुङको हाङपाङमा घरेलु उपचार गरेर बसे पनि पार्टी सम्पर्क भने हुन सकेन । कष्टपूर्ण दिनहरु बित्दै गए । गाउँ जान पाए कसैले घरेलु उपचारमा सहयोग गर्ने थियो कि जस्तो लाग्यो, तीन दिन लगाएर आफ्नै गाउँ छातेढुंगा होडा फर्किएँ । त्यहाँ पनि चार दिन बस्दा समेत पार्टी सम्पर्क हुन सकेन । गाउँको मामा पर्नेसँग पाँचथर लुङ्फाबुङ आधार इलाकामा आफन्तको घरमा पुगेँ, त्यहाँ बहिनी सुशिलासँग युद्धको नाफा जीवनमा भेट भयो, त्यहाँ उनी सेल्टर लिएर बसेकी रहिछन्, मलाइ देख्दा तरक्क रोइन, भक्कानिएको मन लुकाउन कोशिष गरिन् । अलिभरे कुरा भयो, उनको पनि एउटा हात चुडिएको रहेछ । म जस्तै उनी पनि बाँच्न सफल भएकी रहिछन् ।

बहिनीहरु पर्टी सम्पर्कमा रहेछन् । उनीहरुकै माध्यमबाट त्यहाँ थप उपचार गरियो । तर, हातको पूर्ण अपरेशन गर्नुपर्ने थियो । गाउँमा सम्भव थिएन । पार्टीले एकजना काका पर्ने हस्त राईलाई जिम्मा लगाएर झापा पठायो । त्यो बेला झापाका अस्पतालहरुमा समेत प्रहरी निगरानी बढाएको रहेछ, अस्पताल भर्ना हुन सकिएन । झापाको सालवारीमा काकाघर दुई दिन बसियो, त्यहाँबाट दुर्गापुर तीन-चार रात बसियो, दमक-बिर्तामोड कतै सम्भव नभएपछि मोरङमा पार्टीसँग सम्पर्क भयो र त्यहाँबाट साथीहरु लिन आउनु भएछ र उहाँहरु मार्फत विराटनगर कोशी अस्पताल, नर्सिङ होम लगायत चहारियो तर डाक्टरले उपचार गर्न मानेनन् । त्यहाँ उपचार गर्न नमानेपछि एकजना साथीले भारतको पूणेमा लगेर छोड्नु भो, त्यहाँ एक हप्तापछि अपरेशन भयो । तर, फर्कने बेला विराटनगर नाका बन्द रहेछ । पटना हुँदै रक्सौल हुँदै विरगञ्ज नाकाबाट नेपाल छिर्न सफल भएँ -उनले भने ।

**पार्टीकै योजनामा जनवादी विवाह :**

२०५९ सालमा संखुवासभाको स्यावनमा बसेको पार्टी जिल्ला कमिटी बैठकले विवाह गरिदिने योजना बनाएछ उनले भने । मिटिङमा प्रश्ताव आयो तत्कालीन जिल्ला कमिटी सदस्य अस्मिता तामाङसँग जनवादी विवाह गर्ने । हामी दुवैले पार्टीको योजना हो भने ठिकै छ भनेर स्वीकार्यौं । करिव एक वर्षको अवधि परीक्षण समय अवधि तोकियो । सो अवधिमा हामीमा प्रेमभाव बढ्दै गयो, एक अर्कालाई बुझ्दै र प्रेमिल बन्दै गयौं हामी । भावना साटासाट हुँदै गए, नजिकिँदै गयौं हामी -रमाइलो मुडमा उनले भने- तोकिएको समयभित्र हामीमा पार्टीको निगरानी थियो । कुनै खरावी वा पार्टी हित विपरीत हाम्रो गतिविधि नदेखिएपछि एकवर्ष पछि अर्थात् २०६० सालमा तेह्रथुमको आठराई इवामा पार्टीले हामीबीच जनवादी विवाह गरिदिएको हो- उनले भने । अहिले अस्मिता र रोशनसँग एक छोरा यूनिक र एक छोरी उषा छन् ।

**जनयुद्धले दिएको शिक्षा :**

आफू अपाङ्गता भए पनि जनयुद्धले धेरै शिक्षा दिएको उनले बताए । परिर्वतनमा लामबद्ध हुनपाएकोमा गर्व गर्छन् उनी । उनले भने- जनयुद्धबाट धेरै कुरा सिकेका छौं, जनयुद्ध समानताका लागि वर्गीय युद्ध रहेछ । जातीय विभेदविरुद्धको विद्रोह रहेछ । लामो संघर्षबाट पाठ सिकेका छौं, बाँच्ने, जीउने र लड्ने कला सिकेका छौं । जीत हुँदा उत्साहित हुन्थ्यौं, तर घमण्ड गरेनौं । हार्दा दुःख लाग्यो तर हरेश खाएनौं, घाइते हुँदा विजोकमा परियो तर विचलन आएन, पार्टीका सिपाही भएरै बस्यौं -उनी भन्छन् ।

**नेतृत्वलाई सुझाव :**

जनयुद्धले स्वतन्त्रताको मार्गचित्र खिचे पनि बलिदानी गर्नेको सपना अधुरै रहेको उनको बुझाई छ । उनी अबको कार्यभार नेतृत्वलाई सुम्पिएको बताउँछन्- जनयुद्धले मुलुक परिवर्तनको यात्रालाई अघि बढाएको छ । आंशिक सफलता हाँसिल भए पनि वर्गीय आन्दोलनले पूर्णता पाएको छैन, परिवर्तन गर्न धेरै कुराहरु बाँकी छन्, जनयुद्ध साम्यवादको लक्षका साथ भएको थियो, समानताका लागि बलिदान गर्नेहरुको सपना अझै अधुरै छ । यो अधुरो सपनालाई पूरा गर्न नेतृत्व डगमगाउने हो कि भन्ने चिन्ता छ -उनले भने ।

लेनीनले भने जस्तो जनयुद्धले माछा खाने कला सिकायो, तर माछा मार्ने कला सिकाएन, त्यसको परिणाम अहिले परिवर्तनका लागि लामबद्ध भएका सच्चा योद्धाहरुले भोग्नु परिरहेको छ, । मुलुक परिवर्तनका निम्ति घाइते र अपाङ्गता भएकाहरुको संख्या ठूलो छ । यसलाई राज्यले क्षमता अनुसारको सिप सिकाएर आत्मनिर्भर गराउन सक्नुपर्छ ।

*bmllamichhane@gmail.com*

